क्रमसंख्या-७०

# महिन्द थेर
## तथा
# संघमित्ता थेरी

आचार्य
भिक्षु अमृतानन्द

Dhamma.Digital

बु. सं. २५३३
बि. सं. २०४६

ने. रू. ५/-

Downloaded from http://www.dhamma.digital

## लेखकका पुस्तकहरू:

| | | | ने रु. |
|---|---|---|---|
| १. | सं. बुद्धजीवनी चतुर्थावृत्ति | | ...रु १०/- |
| २. | धम्मपद तृतीयावृत्ति | | ...रु. १०/- |
| ३. | गृही-विनय तृतीयावृत्ति | | ...रु. १०/- |
| ४. | अग्रश्रावक | | |
| ५. | कसको कुरा सत्य हो | | |
| ६. | बुद्धशासनको इतिहास | भाग-१ | ...रु. ४/- |
| ७. | पटाचारा स्थवीरा | | |
| ८. | अम्बसक्कर प्रेतकथा | | |
| ९. | सुतनु जातक | | |
| १०. | बोधिराजकुमार | | |
| ११. | बुद्धकालीन ब्राह्मण | भाग-१ | ...रु. ७/- |
| १२. | बुद्धकालीन ब्राह्मण | भाग-२ | ...रु. १५/- |
| १३. | बुद्धकालीन ब्राह्मण | भाग-३ | ...रु. १७/- |
| १४. | बुद्धकालीन गृहस्थीहरू | भाग-१ | रु. ८/- |
| १५. | बुद्धकालीन गृहस्थीहरू | भाग-२ | .. रु. १५/- |
| १६. | बुद्धकालीन गृहस्थीहरू | भाग-३ | ...रु. १५/- |
| १७. | बुद्धकालीन राजपरिवार | भाग-१ | ...रु. १०/- |
| १८. | बुद्धकालीन राजपरिवार | भाग-२ | ...रु. १६/- |
| १९. | बुद्धकालीन राजपरिवार | भाग-३ | ...रु. १८/- |
| २०. | बुद्धकालीन परिव्राजकहरू | भाग-१ | ...रु. १६/- |
| २१. | बुद्धकालीन परिव्राजकहरू | भाग-२ | ...रु. १५/- |
| २२. | बुद्धकालीन परिव्राजकहरू | भाग-३ | ...रु. २३/- |
| २३. | बुद्धकालीन महिलाहरू | भाग-१ | .. रु. ८/- |
| २४. | बुद्धकालीन महिलाहरू | भाग-२ | ...रु. १४/- |
| २५. | बुद्धकालीन श्रावक-चरित | भाग-१ | रु. ९/- |

Downloaded from http://www.dhamma.digital



स्वर्गीय रुद्रकुमार कायस्थ

Downloaded from http://www.dhamma.digital

# महिन्द थेर

तथा

# संघमित्ता थेरी

आचार्य

## भिक्षु अमृतानन्द

आनन्दकुटी २० विहार गुठी

बु. सं. २५३३

बि. सं. २०४६

ने. रू. ५/-

Downloaded from http://www.dhamma.digital

प्रकाशक :
"आनन्द कुटी विहार गुठी"
(सं. द. नं. १।०३१ प्र. जि. अ. का. का.)
आनन्दकुटी विहार, स्वयम्भू
काठमाडौं, नेपाल ।

फोन– २७१४२०

(सर्वाधिकार सुरक्षित)

बु. सं. २५३३
ने. सं. १११०
बि. सं. २०४६
ई. सं. १९९०

प्रथम संस्करण – १०००

मुद्रक :
नेपाल प्रेस
शुक्रपथ, काठमाडौं ।
फोन – २२ १० ३२

Downloaded from http://www.dhamma.digital

# प्रकाशकीय

बुद्ध शासनको इतिहासमा सम्राट् अशोकको नाउँ अद्वितीय छ। भारतवर्षमा र छिमेकी देशहरूमा उनले बुद्धको शान्ती सन्देश फिजाई दिए। त्यति मात्र होइन, आफू बुद्धधर्मको अंशभागी बन्न उनले आफ्ना पुत्र पुत्रीलाई समेत भिक्षुभिक्षुणी बनाइ दिए। ती नै विनीत पुत्र महेन्द्र महास्थविर श्रीलंकाद्वीपमा बुद्धशासन स्थापना गर्न उपबुद्धको पदमा खडा भए। सिंहली जनताको धर्म संस्कृति भन्नु नै बौद्ध धर्म र बौद्ध संस्कृति हो भनी कहलाइ दिए। भगवान् बुद्धको शासन चीरस्थायी राख्ने हेतुले राजा देवानंपियतिस्सले अनुलादेवी सहित ५०० स्त्रीहरू-लाई प्रव्रजित गराउन महेन्द्र महास्थविरकै बहिनी संघमित्तालाई बोलाउन लगाई सिद्धार्थ कुमारले बोधिज्ञान प्राप्त गरेको बोधिबृक्षलाई प्रतिस्थापना गराए। उनीहरू कै महत्वपूर्ण घटनाहरू संगालेको यो सानो ग्रन्थ सानो भएर पनि महत्वपूर्ण छ।

आचार्य अमृतानन्द महास्थविरले लेख्नु भएको तथा आनन्द कुटी विहार गुठीबाट ७० औं प्रकाशनको रूपमा प्रकाशीत भएको यो ग्रन्थको सम्पूर्ण खर्च आफ्नो दिवंगत पिताको पुण्यस्मृतिमा भिक्षु श्रद्धा–

Downloaded from http://www.dhamma.digital

नन्दले बेहोर्नु भएको छ । अतः वहाँ लेखक महानायक महास्थविर र चन्दादाता दुबैको इच्छा आकांक्षा पूरा गर्न पाठक वर्गले ठीक संग अध्ययन गरी लाभ उठाउन् भन्ने चाहन्छु । वहाँहरू दुबैलाई गुठीको तर्फबाट साधुवाद दिन चाहन्छु ।

भवतु सब्ब मंगलं ।

भिक्षु मैत्री
सदस्य सचिब
आ. कु. बि. गुठी

फोन नं. २७१४२०
२१५०२०

Downloaded from http://www.dhamma.digital

# दुई शब्द

प्रातः स्मरणीय मेरा पिता स्व. श्री रूद्रकुमार कायस्थ कास्को, पोखरा तेर्सापट्टि निवासी हुनु हुन्थ्यो। उहाँ ८।१।१९६१ सालमा जन्मनु भएको थियो। उहाँको देहावसान हुनुभन्दा करीब छ महिना अघि देखिनै आँखा देख्न नसक्ने हुनु भएको थियो। करीब ५ महिना अघि काठमाडौं थापाथली स्थित माहिला छोरा घनश्याम कायस्थको घरमा आई बस्नु भएको थियो।

उहाँ दिवंगत हुनु भन्दा करीब ३ महिना अघि म इगतपुरी, भारतबाट फर्के पछि उहाँलाई हेर्न बहिनी रोशनलाई साथलिई गएको थिएं। उहाँ ८६ वर्षको उमेरमा २०४६ साल बैशाख २३ गते मातातीर्थ औंशीको दिन आर्यघाटमा दिवंगत हुनुभएको खबर २ दिन पछि मैले पाएं।

उहाँको कार्य विवरण छोटकरीमा निम्न प्रकार छन्—

वहाँ त्यतिखेर पोखराको एक प्रतिष्ठित व्यापारी हुनु हुन्थ्यो। पोखरामा व्यापारीहरूलाई माल Supply गर्नु हुन्थ्यो। २००६ सालको अग्निकाण्डमा उहाँको ठूलो क्षति भएको थियो। त्यस अग्निकाण्डमा धेरै जीउ धनको हानी भएको थियो। त्यतिबेला जनतामा

Downloaded from http://www.dhamma.digital

खाद्यान्नको अभाव भएको थियो । आफ्नो पनि सर्वस्व खाक भएता पनि कत्ति निरुत्साही नभई धैर्य तथा शाहसका साथ अन्नाभाव भएका जन समुहलाई खाद्यान्न वितरण गर्नु भएको थियो ।

उहाँले २०१२।१३ साल तिर राजनैतिक पार्टीमा पनि काम गर्नु भयो । केही समय राजनैतिक कारणले गर्दा जेल पनि पर्नु भयो । ०१४।०१५ साल देखि उहाँ खेति तिर लाग्नु भयो । उहाँ कट्टर हिन्दु हुनु हुन्थ्यो ता पनि हाल धर्मशीला बुद्ध विहारको खेत दान दिंदा लेखापढी गराउनमा उहाँले सहयोग गर्नु भएको कुरा स्व. अनागारिका धर्मशीलाबाट मैले सुनेको थिएँ । उहाँले सदा गीतापाठ गर्नु हुन्थ्यो । बेला बेलामा सुखसागर पढ्नु हुन्थ्यो ।

मेरो बुद्ध विहार संग सम्पर्क भएकोमा उहाँ त्यत्ति प्रसन्न हुनु हुन्नथ्यो । यो हुनुको मुख्य कारण उहाँ बाल्यकाल देखि हिन्दू–धर्मावलम्वी हुनु भएकाले हो। तर त्यस्तो भए पनि जब म प्रव्रजित भई इगतपुरीबाट फर्केर उहाँलाई हेर्न बहिनी रोशनलाई लिई थापाथली गएँ त्यतिखेर उहाँले म प्रति कुनै अप्रियपन झल्काउनु भएन । त्यसबेला मैले उहाँलाई आफ्नो र अरूको अनित्यता सम्बन्धी भाव तथा ध्यान भावनाको कुरा सुनाई हिंडेको थिएँ । त्यही नै अन्तिम दर्शन भयो मेरो निमित्त ।

भगवान् बुद्धले भन्नु भएको छ "माता पितु उपट्ठानं एतं मंगल–मुत्तमं" अर्थात् आमाबाबुको सेवा गर्नु उत्तम मंगल हो, तथा कर्तब्य हो । उहाँले पनि बुद्ध हुनुभएपछि आमा बाबुको सेवा गर्नु भएको थियो । विशेष परिस्थितिले गर्दा मैले अन्तिम अवस्थामा उहाँको सेवा गर्न

Downloaded from http://www.dhamma.digital

नपाएतापनि उहाँको कृतज्ञ गुण स्मरण गरेर उहाँको निमित्त निर्वाण हेतु हुने केही पुण्य कार्य गर्नु पर्ला भन्ने कुरा मनमा खेलिरहेको थियो। अनि फेरि मनमा उहाँको स्मृतिमा एउटा सानो उपयोगी पुस्तक अनुवाद गरी प्रकाश गरेर श्रद्धा सुमन चढाउन पाए हुन्थ्यो भन्ने सोची पूज्य कुमार भन्ते संग सल्लाह मागेको थिएँ। उहाँबाट मेरो मनसायको सूक्ष्म संकेत पाउनु भएपछि मेरा आचार्य पूज्य अमृतानन्द महानायकज्यूले मलाई बोलाउनु भयो। अनि उहाँले लेख्नु भएको 'महेन्द्र महास्थविर र संघमित्रा'का इतिहास सम्बन्धी गहकिलो पुस्तिका प्रकाश गर्न सल्लाह दिनुभयो।

यस पुस्तिकामा अशोक सम्राट्का सुपुत्र महेन्द्र र सुपुत्री संघमित्रा श्री लंकामा धर्मदूत भई सद्धर्म प्रचार गर्न जानु भएको विवरण पाइन्छ। श्रीलंकामा महेन्द्र महास्थविरलाई 'बुद्धलाई' जत्तिकै मान्दछन्। किनभने बुद्धको सद्धर्म जेष्ठ पूर्णिमा के दिनमा श्रीलंकामा प्रचार गर्ने पहिला व्यक्ति मात्र नभई भिक्षु शासन स्थापना गर्नु हुने पहिलो व्यक्ति–पनि महेन्द्र महास्थविर नै हुनु हुन्थ्यो। त्यस्तै प्रकारले बुद्धगयाबाट बोधिबृक्षको हाँगा श्रीलंकामा लगी रोप्नुभई बुद्धको सद्धर्म प्रचार गर्नुका साथै भिक्षुणी शासन स्थापना गर्नु हुने पहिलो भिक्षुणी संघमित्रा नै हुनु हुन्थ्यो। त्यसकारण श्रीलंकामा आज सम्म महेन्द्र महास्थविर र संघमित्रा महाथेरी महान पुरुषहरूका स्थानमा पूज्यमान हुन्।

आशा छ– पाठकवर्गले यो पुस्तक पढ्नु भई सद्धर्म धारणा गर्नु हुनेछ र जनजनमा पुऱ्याउनु हुनेछ।

Downloaded from http://www.dhamma.digital

स्व. पिताजीको पुण्य स्मृतिमा उहाँको निर्वाण कामना गरी प्रकाशन गरेर धर्मदानको रूपमा वितरण गर्न यस्तो गह्किलो पुस्तिका लेखिदिन कष्ट उठाउनु भएकोमा मेरा पूज्य आचार्य अमृतानन्द महानायकज्यूमा सहृदय साधुवाद !

पूज्य कुमार काश्यप महास्थविरज्यूले फुर्को नमानी प्रूफ हेरी दिनु भएकोमा हार्दिक साधुवाद !

अन्तमा स्पष्ट छपाइ गरी ठीक समयमा पुस्तक छपाइ पूरा गरिदिनु भएकोमा नेपाल प्रेस लाई पनि धन्यवाद !

अस्तु :

भिक्षु श्रद्धानन्द

आनन्दकुटी विहार — माघ १०, २०४६

स्वयम्भू, काठमाडौं ।

Downloaded from http://www.dhamma.digital

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।

# मेरो कुरा

प्रस्तुत यो सानो पुस्तिका पुस्तिकाको रूपमा प्रकाश गर्नको निमित्त लेखेको होइन । यो त भविष्यमा प्रकाशित हुने "बौद्धशब्द-कोशमा" राख्नको निमित्त लेखिएको लेख हो ।

मेरा शिष्य श्रद्धानन्द भिक्षुले आफ्ना स्वर्गीय पिता श्री रत्न कुमार कायस्थको पुण्यस्मृतिमा कुनै पुस्तक प्रकाशन गर्न पाए हुन्थ्यो भनी भन्दा मैले बौद्ध शब्दकोशको निमित्त लेखिराखेको 'महिन्द थेर' र 'सघमित्ता थेरी' सम्बन्धी लेख प्रकाश गरे बेश हुने छ भनी भन्दा प्रसन्नतापूर्वक उनले स्वीकार गरे । प्रकाशन गर्नको निमित्त सम्पूर्ण खर्च पनि उनले नै बेहोरेका हुन् । यसको लागि उनलाई हार्दिक धन्यवाद दिई अनुमोदन गर्दछु ।

बौद्ध शब्दकोश तयार पार्न अझ समय लाग्ने भएको हुनाले थेरवादको बारेमा प्रमुख व्यक्ति हुनु भएका महिन्द महास्थविरको प्रारम्भिक ऐतिहासिक कुरा थेरवादमा चाखराख्ने नेपाली पाठकवृन्दहरूको लागि लाभदायक हुनेछ भन्ने विचारले प्रस्तुत पुस्तिका प्रकाशन गराएको हुँ ।

लंकामा गई महिन्द महास्थविरले थेरवाद शासनको जरो त्यहाँ नगाडेका भए आज बुद्धधर्मका १७ वटा शाखाहरू मध्ये धेरैजसो

Downloaded from http://www.dhamma.digital

शाखाहरू लोप भए जस्तै थेरवाद परम्परा पनि लोप भइसक्ने थियो होला ।

भगवान् परिनिर्वाण पछि प्रथम सङ्गायना भएको शय वर्ष (१००) सम्म थेरवादबाट कुनै शाखाहरू निस्केका थिएनन् । दुइशय वर्ष (२००) को प्रारम्भपछि थेरवादी आचार्यहरूको भिन्ना भिन्नै विचारधारा अनुरूप शाखाहरू निस्कन थाले । सम्राट् अशोकको पाला-सम्म जम्मा १७ वटा शाखाहरू पुगेका थिए । आज हामी तिनीहरू मध्येबाट थेरवाद परम्परा र सर्वास्तिवाद परम्परा पाउँछौं । थेरवाद परम्परा लंका, बर्मा, थाईलैण्ड, क्याम्बोडिया र लाओसमा चलि आइरहेको छ भने तिब्बतमा सर्वास्तिवाद परम्परा छ ।

हाम्रो नेपालमा पालिभाषाको प्रचलन न भएको हुँदा मैले प्रकाशन गरेका पुस्तकहरू पढ्ने धेरैजसो पाठक महानुभावहरूलाई कस्तो कस्तो लाग्नसक्छ । यो अस्वाभाविक होइन । किनभने मेरो प्रकाशन पालिको आधारमा भएको हुनाले पालि शब्द र प्रचलनको हिसाबले कतै कतै संस्कृत शब्द मिश्रित रूपमा आएका छन्

प्रथमतः पालिभाषामा तालव्य हुँदैन । केवल दन्त्य 'स' मात्र हुन्छ । त्यसैगरी स्वर वर्णमा 'ऐ' र 'औ' वर्ण हुँदैनन् । केवल 'ए' र 'ओ' मात्र हुन्छन् । त्यसैले 'औषधी' लाई 'ओसधि' भनिएको हो । अतः पालिको ज्ञान नहुनेलाई 'ओसधि' भनेको अशुद्ध जस्तो लाग्न सक्छ । अतः पालिको उच्चारण पनि बुझून् भन्ने हेतुले मैले आफ्नो प्रकाशनहरूमा यसरी लेख्ने गरेको छु । जस्तै—

Downloaded from http://www.dhamma.digital

अजातसत्त (—अजातशत्रु)। अजातशत्रु (अजासत्त)। अजातसत्त भनेको यो पालिशब्दलाई संस्कृतमा अजातशत्रु भनी भन्दछन् भनी बुझाउन दुइ धर्सो राखी कोष्ठभित्र अजातशत्रु राखिदिएको छु। त्यसंगरी 'अजातशत्रु' शब्द संस्कृत उच्चारण भएको हुँदा यसलाई पालिमा 'अजातसत्त' भन्दछन् भन्ने बुझाउन को निमित्त केवल कोष्ठभित्र 'अजातसत्त' राखी दिएको छु। अतः कोष्ठभित्र भएको शब्द पालि र दुइधर्सो सहित कोष्ठभित्र भएको शब्द संस्कृत उच्चारण हो भनी बुझ्नुपर्छ। यसो गर्नाको मुख्य उद्देश्य पाठक महोदयहरूले पालिको उच्चारण पनि बुझ्न सकून् भन्ने हो।

प्रस्तुत पुस्तकको भाषा संशोधन र प्रूफ हेर्नेकाम सधैं जस्तो प्रा. श्री वटुकृष्ण 'भूषण' ज्यूले गर्नु भएको हो। त्यसंगरी आयुष्मान् कुमार काश्यप स्थविरले पनि प्रूफ हेर्नुमा धेरै मद्दत गर्नु भएको छ। खड्गबहादुर उपासकले दिनहुं झैं प्रेसबाट प्रूफ ल्याई सहयोग गरेकोमा वहाँहरू सबै प्रति आभार व्यक्त गर्न चाहन्छु। प्रस्तुत पुस्तक आनन्द कुटी बिहार गुठीको ७० औं प्रकाशन हो।

"चिरं तिट्ठतु सद्धम्मो"

—भिक्षु अमृतानन्द
माघ ११, ०४६

आनन्दकुटी विहार
स्वयम्भू, काठमाडौं।
फोन नं. २७१४२०

Downloaded from http://www.dhamma.digital

## संक्षिप्त शब्दको अर्थ —

अं. नि.–२ अङ्गुत्तरनिकाय। निसंग राखिएको अंक निपात हो। २ को मतलव दुकनिपात हो। नालन्दा प्रकाशन, नालन्दा, पटना, भारत।

गा. नं — गाथाको नम्बर।

दीप. वं.–६ = दीपवंसो वं–६ भनेको परिच्छेद ६ हो।
पी. ञाणानन्द थेरो, पानदुर, श्रीलंका।
बु. सं. २४७०, ई. सं. १९२७

परि. वा. पा.= परिवारपालि, नालन्दा प्रकाशन, नालन्दा, पटना, भारत।

बु. ब्रा.–२= बुद्धकालीन ब्राह्मण भाग–२. आचार्य भिक्षु अमृतानन्द प्रकाशकः आनन्दकुटी विहार गुठी, स्वयम्भू, काठमाडौं।

बु. प.–२ — बुद्धकालीन परिव्राजकहरू भाग–२, आचार्य भिक्षु अमृतानन्द, प्रकाशकः आनन्दकुटी विहार गुठी, स्वयम्भू, काठमाडौं।

Downloaded from http://www.dhamma.digital

म. नि. I. = मज्झिमनिकायपालि, भाग १–२ आदि नालन्दा प्रकाशन, नालन्दा, पटना, भारत ।

महा. वं. टी. = महावंसटीका । परिच्छेद–१. २ आदि । नालन्दा प्रकाशन, नालन्दा, पटना, भारत ।
बु. सं. २५१५, ई. सं. १९७१

वि. वि. टी. = विमतिविनोदनि नाम समन्तपासादिकाय विनयट्ठ–कथाय टीका । वेरतुडुवे धम्माधारतिस्स थेर, अम्बलंगोद, श्रीलंका । बु. सं. २४७८, ई. सं. १९३५

सम. पा. I. II = समन्तपासादिका नाम विनयट्ठकथा भाग–१,२ आदि नालन्दा प्रकाशम, नालन्दा, पटना, भारत ।

सं. नि. I. II. = संयुत्तनिकायपालि, भाग–१,२ आदि नालन्दा प्रकाशन, नालन्दा, पटना, भारत ।

D. P. P. I. = Dictionary of Pali Proper Names London 1937.

D. P. P. II. = Dictionary of Pali Proper Names London 1938.

Downloaded from http://www.dhamma.digital

# महिन्द

महिन्द ( — महेन्द्र) — यो, सम्राट् अशोककी बेदिस नगरवासी सेठकी छोरी 'वेदिस महादेवी' को तरफबाट जन्मेको अशोक राजाको छोराको नाम हो । यिनकी एक साहले बहिनी पनि छिन् जसको नाम 'संघमित्ता' ( — संघमित्रा) हो । हेर्नू अशोक शब्दमा ।

भगवान् बुद्ध परिनिर्वाण भएको २०४ सौं वर्षमा महेन्द्रको जन्म भएको थियो । (दीप. वं.—६, गा. नं. २१)

Dhamma.Digital

## महेन्द्रको प्रव्रज्या

राज्याभिषेक नलिई सम्राट् अशोकले ४ वर्ष सम्म राज्य गरेका थिए । अभिषेक लिएको समयमा महेन्द्रको उमेर १४ वर्ष पुगेको थियो । अशोकको राज्याभिषेकको छैटौं वर्षमा महेन्द्रलाई प्रव्रजित गराएका थिए । यस बेला महेन्द्र २० वर्षका थिए । (सम. पा. I. पृ. ४५; बाहिरनिदानकथा; महा. वं. टी. पञ्चम परिच्छेद गा. नं. २०४)

मोग्गलिपुत्ततिस्स ( — मौद्गलिपुत्र तिष्य) स्थविरको उपाध्यायत्वमा, महादेव स्थविरको आचार्यत्वमा प्रव्रज्या भएका थिए र मज्झन्तिक स्थविर कर्मवाचा आचार्य भइ उपसम्पन्न भएका

Downloaded from http://www.dhamma.digital

थिए। उपसम्पदा भएको मण्डपमा नै महेन्द्रले प्रतिसम्भिदा ज्ञान सहित अरहत्व प्राप्त गरेका थिए। (सम. पा. I. पृ. ४५: बाहिरनिदान-कथा; महा. वं. टी. पञ्चम परिच्छेद, गा. नं. २०६-०७)

उपसम्पदा भएपछि वहाँले आफ्ना उपाध्याय मोग्गलिपुत्ततिस्स स्थविरकहाँ बसी तीनवर्ष भित्र धर्म र विनयको अध्ययन गरी दुबै सङ्गीतिमा संग्रहित अर्थकथा सहित सम्पूर्ण त्रिपिटकको अध्ययन गर्नु भयो। पछि आफ्ना उपाध्यायका एकहजार शिष्यहरूको प्रमुख आचार्य हुनुभयो। यस बखत अशोकको अभिषेक भएको नौ (९) वर्ष बितिसकेको थियो। पछि जब भिक्षुसङ्घमा केही मलीनता आउने कारण देखनुभयो तब मोग्गलिपुत्ततिस्स स्थविरले आफ्ना शिष्यहरू-लाई महेन्द्र भिक्षुको जिम्मा लगाई आफू अहोगंगा पर्वतमा गई सात वर्ष सम्म बस्नुभयो। (सम. पा. I. पृ. ४६: बाहिरनिदानकथा; महा. वं. टी-५, गा. नं. २३३)

## धर्मदूतहरू

तृतीयसङ्गायना पछि जब सङ्घले महेन्द्र स्थविरलाई धर्म-प्रचारको निमित्त लंका जाने आज्ञा दियो तब वहाँ उपसम्पदाले १२ वर्ष पुग्नु भएको थियो। (महा. वं. टी-१३, गा. नं. १) यो आज्ञा कार्तिक महिनामा दिएको थियो भनी महा. वं.-१२, गा. नं. २ ले उल्लेख गरेको छ। धर्मप्रचारको निमित्त महेन्द्र स्थविरलाई मात्र संघले खटाएको होइन अरूलाई पनि खटाएको थियो। जस्तै—

(१) मज्झन्तिक स्थविरलाई काश्मीरगन्धारमा जान,

Downloaded from http://www.dhamma.digital

(२) महादेव स्थविरलाई महिंसक मण्डलमा जान, (३) रक्खित (=रक्षित) स्थविरलाई वनवासी देशमा जान, (४) योनक धम्म-रक्खित (=योनक धर्मरक्षित) स्थविरलाई अपरान्तकमा जान, (५) महाधम्मरक्खित (=महाधर्मरक्षित) स्थविरलाई महाराष्ट्रमा जान, (६) महारक्खित (=महारक्षित) स्थविरलाई योनक देशमा जान, (७) मज्झिम (=मध्यम) स्थविरलाई हिमाल प्रदेशमा जान, (८) सोनक र उत्तर स्थविरलाई सुवर्णभूमिमा जान र (९) महेन्द्र स्थविरलाई इट्टिय, उत्तिय, सम्बल तथा भद्दसाल स्थविरहरूका साथ ताम्रपर्णी द्वीपमा (=श्रीलंकामा) जान खटाएको थियो। प्रत्येक स्थविरहरूको साथमा ५ जना भिक्षु भएको खण्डमा उपसम्पदा कार्यगर्न सकिन्छ भन्ने हेतुले अन्य चार चार जना भिक्षुहरू साथमा पठाएका थिए। (सम. पा. I. पृ. ५५: बाहिरनिदानकथा; महा. वं. टी–१२, गा. नं. ३–८)

अनि महेन्द्र स्थविर अशोकाराममा गएपछि आफू फेरि यहाँ आउन सकिने हो कि होइन भन्ने बिचारगरी आफ्ना उपाध्याय तथा सङ्घलाई वन्दना गरी बिदा लिई निस्कनु भयो। अनि पछि "लंका जाने समय ठीक भयो कि भएन" भनी बिचार गर्नु हुँदा "ठीक भएको छैन। अहिले त्यहाँ बूढा मुटसीव राजा छन्। उनलाई लिएर बुद्धशासन स्थापना गर्न सक्नेछैन। निकट भविष्यमा नै उनका छोरा देवानंपियतिस्स (=देवानंप्रियतिष्य) ले राज्य गर्नेछन्। त्यस बखत जान उपयुक्त हुनेछ" भन्ने बिचारगरी पाटलिपुत्रबाट राजगृहको दक्षिणागिरि तिर माथि उल्लिखित ४ जना भिक्षुहरूकासाथ चारिका

Downloaded from http://www.dhamma.digital

गर्दै छः महिना जति बिताई पछि आफ्नी आमा बस्ने वेदिसगिरि नगरमा स्थविर जानुभयो। त्यहाँ आफ्नी आमाले बनाइदिएको वेदिसगिरि महाविहारमा बस्नुभयो। (सम. पा. I. पृ. ६०–६१; महा. वं टी–१३, गा. नं. १–७)

## लंका गमन

त्यहाँ बसिरहनु भएको बेलामा आफ्नी आमालाई सुनाउनु भएको उपदेश सुनी आफ्नो सानीआमाकी बहिनीका छोरीको छोरा भण्डुक उपासकले अनागामीफल प्राप्तगरी महेन्द्र स्थविरसंगै बसेका थिए। (महा. वं. टी–१३, गा. नं. १६–१७) आमाको विहारमा एक महिना बसी महेन्द्र स्थविर आफू सहित पाँचजना भिक्षुहरू र षडभिज्ञलाभी अरहत् भएका संघमित्राका छोरा सुमन श्रामणेर तथा अनागामी भएका भण्डुक उपासक सहित जम्मा सात (७) जनाको असार जेष्ठपूर्णिमाको दिनमा आकाशबाट लंकाको पूर्वदिशातिरको मिस्सक भन्ने पर्वतमा ओर्लिनु भयो। (महा. वं. टी–१३, गा. नं. ४; महा. वं. टी–१४, गा. नं. १८–२०; सम. पा. I. पृ. ६०–६३)

त्यसैले दीपवंस – १२, गा. नं. १२–१३ ले यस्तो उल्लेख गरेको हो—

"महिन्दो नाम नामेन, सङ्घत्थेरो तदा अहु।
इट्टियो उत्तियो थेरो, भद्दसालो च सम्बलो॥
"सामणेरो च सुमनो, छलभिञ्ञो महिद्धिको।
भण्डुको सत्तमो तेसं, दिट्ठिसच्चो उपासको॥"

Downloaded from http://www.dhamma.digital

अर्थात् --

"संघस्थविर हुनु भएका महेन्द्र स्थविर, इट्टिय, उत्तिय, भद्दसाल, सम्बल स्थविरहरू, षडभिज्ञलाभी र महान ऋद्धिवान् सुमन श्रामणेर तथा दृष्टिप्राप्त भण्डुक उपासक गरी सात जना हुनुहुन्थ्यो।"

महेन्द्र स्थविर लंकाद्वीपमा पुग्नुहुँदा बुद्ध परिनिर्वाण भएको २३६ वर्ष भइसकेको थियो र अशोकको अभिषेकको समयदेखि लिंदा १८ वर्ष बितिसकेको थियो। (सम. पा. I. पृ. ६२–६३; महा. वं. टी. पृ. २८७) महेन्द्र महास्थविर लंकामा पुग्नु हुँदा वहाँको उमेर ३२ र वर्षावासबाट गन्दा १२ वर्ष बितेको थियो।

## लंकाका राजासँग भेट

त्यसदिन लंकामा जेष्ठपूर्णिमाको महोत्सव थियो। देवानंपिय–तिस्स राजाले मंत्रीहरूलाई "जेष्ठपूर्णिमाको महोत्सव मनाउनू" भनी अऱ्हाई आफू चाहिं ४० हजार मानिसहरूका साथ नगरबाट निस्की मिस्सक पर्वततिर क्रीडागर्न गए।

अनि त्यस पर्वतमा बस्ने एक देवताले "महेन्द्र महास्थविरलाई देखाउनु पऱ्यो" भन्ने सोची रातो मृग (एक मृग विशेष) को भेष धारणगरी राजाको अगाडितिर चरिरह्यो। मृगलाई देखेर चरिरहेको मृगलाई झुक्याई हान्नु ठीक छैन भनी राजाले धनुषको आवाज दिए। आवाज सुनेर मृग भागेर महेन्द्र स्थविर भएको ठाउँनिर गयो। स्थविरले "राजाले मलाई देखून्" भनी चिताउनु भयो। अनि

Downloaded from http://www.dhamma.digital

"तिस्स ! तिस्स ! यताबाट आऊ" भनी भन्नुभयो। यो सुनेर राजा बडो आश्चर्य चकित भई सोचे "यस द्वीपमा जन्मेका कसैले पनि मलाई मेरो नाम काटेर बोलाउन सक्तैनन्। यो शीर ढाकेको तथा कुश्रो कपडा लगाएको यसले मलाई मेरो नाम काटेर बोलाउँछ। यो मनुष्य हो कि अथवा अमनुष्य रहेछ सोध्नुपर्‍यो" भनी राजाले सोध्दा स्थविरले यस्तो भन्नुभयो—

"समणा मयं महाराज, धम्मराजस्स सावका।
तवेव अनुकम्पाय, जम्बुदीपा इधागता॥"

अर्थात्—

"महाराज ! हामी धर्मराज गौतम बुद्धको शासनमा प्रव्रजित भएका श्रमण ह्वौं। तपाइँकै अनुकम्पाले जम्बुद्वीपबाट यहाँ आएका ह्वौं।"

त्यस बखत देवानंपियतिस्स राजाले जम्बुद्वीपबाट सम्राट् अशोकको सन्देश पाएको भरखरै एक महिना भएको थियो। त्यसैले जब स्थविरबाट "हामी श्रमण ह्वौं" भन्ने कुरा सुने तब राजाको मनमा झसक्क सम्राट् अशोकले पठाएको सन्देशको सम्झना भयो। अनि "श्रमणहरू आउनु भएको रहेछ" भनी हत्तरपत्त शस्त्र-अस्त्र भुइँमा राखी एक छेउमा बसी वहाँसँग कुशलवार्तागर्न थाले। त्यसै बेला राजाका अरू ४० हजार मानिसहरूपनि त्यहाँ आइपुगे। स्थविरले आफूसँग आएका अरू छः जनालाई पनि देखाउनु भयो। वहाँहरूलाई

Downloaded from http://www.dhamma.digital

देखेर राजाले "वहाँहरू कहिले आउनु भएको नि ?" भनी सोध्दा "म संगै आएका हुन्" भनी स्थविरले उत्तर दिनु भयो । त्यसपछि राजाले—

"अहिले पनि जम्बुद्वीपमा श्रमणहरू छन् के ?" भनी सोध्दा स्थविरले "महाराज ! अहिले पनि जम्बुद्वीपमा धेरै धेरै श्रमणहरू छन्" भनी भन्नुभयो । त्यसैले--

'तेविज्जा इद्धिपत्ता च, चेतोपरियायकोविदा ।
खीणासवा अरहन्तो, बहू बुद्धस्स सावका ॥" भनी सम.

पा. I. पृ. ६६ र महा. वं. टी.–१४ गा. नं. १४ तथा दीप. वं–१२, गा. नं. ५६ मा उल्लेख भएका हुन् ।

अर्थात्—

"त्रिविद्यालाभी, ऋद्धिबल प्राप्त, चित्तपर्याय ज्ञान जान्ने क्षीणास्रवी अरहन्त बुद्धका श्रावकहरू अहिले पनि जम्बुद्वीपमा धेरै छन् ।"

"भन्ते ! तपाइँ कसरी आउनुभयो ?"

"महाराज ! म पानीबाट पनि जमिनबाट पनि आएको होइन ।"

राजाले वहाँ आकाशबाट आएको कुरा बुझे । अनि राजाले कत्तिको कुरा बुझ्न सक्दा रहेछन् भन्ने कुरा बुझ्नको निमित्त स्थविरले नजिकको आँपको रुख देखाए र यस बारे प्रश्न गर्नुभयो—

(क) "महाराज ! यो के को रुख हो ?"

"भन्ते ! आँपको ।"

Downloaded from http://www.dhamma.digital

"महाराज ! यो आँपको रुख बाहेक अरू आँपका रुखहरू छन् कि छैनन् ?"

"भन्ते ! धेरै छन् ।"

"महाराज ! यो रुख र ती रुखहरू छाडी अरू रुख छन् कि छैनन् ?"

"भन्ते ! छन् । तर ती आँपका रुखहरू होइनन् ।"

"ती आँपका रुखहरू र ती अन्य रुखहरू छाडी अरू कुनै रुखहरू छन् कि छैनन् ?"

"भन्ते ! यही आँपको रुख छ ।"

(ख) "महाराज ! तपाइँ बुद्धिमानी हुनुहुँदो रहेछ । महाराज ! तपाइँका ज्ञातिबन्धुहरू छन् के ?"

"भन्ते ! धेरै छन् ।"

"महाराज ! तिनीहरूलाई छाडी अरू कुनै अज्ञाति पनि छन् के ?"

"भन्ते ! ज्ञाति बन्धुहरू भन्दा अज्ञाति बन्धुहरू नै धेरै छन् ।"

"महाराज ! तपाइँका ज्ञातिबन्धुहरूलाई र अज्ञातिबन्धुहरूलाई छाडी अरू कोही छन् के ?"

"भन्ते ! म नै छु ।"

"महाराज ! ठीक भन्नुभयो । आफू भनेको न आफ्नो ज्ञाति हो न अज्ञाति हो ।"

Downloaded from http://www.dhamma.digital

## शरणागमन

"राजा पण्डित रहेछन्, यिनले धर्मका कुरा बुझन सक्नेछन्" भन्ने ठानी वहाँले राजालाई चूलहत्थिपदोपमसूत्रको कुरा सुनाउनु भयो। (यो सूत्र म. नि. I. पृ. २२६ मा उल्लेख भएको छ। यसको अनुवाद बु. श्रा–२, पृ. ३२२ र बु. प–२, पृ. १५७ मा अनुदित भएको छ।) कुराको अवशानमा राजाले ४० हजार मानिसहरू संग संगै त्रिशरण ग्रहण गरे। त्यसै बखत राजाको खाना ल्याइपुऱ्यायो। उपदेश सुन्दा सुन्दै राजालाई थाहाभएको थियो कि वहाँहरूले त्यस समयमा खाना खानु हुने छैन भन्ने कुरा। तै पनि वहाँहरूसंग नसोधिकन खाना खानु राम्रो होइन भन्ने ठानी राजाले स्थविरसंग "भोजन गर्नु हुन्छ के ?" भनी सोधे। स्थविरले "यस बखत हामी भोजन गर्दैनौं" भनी भन्नुभयो।

"भन्ते ! त्यसोभए तपाईंहरू कहिले भोजन गर्नु हुन्छ त ?"

"महाराज ! अरूणोद्गमन भएदेखि मध्याह्न समय सम्म हामी भोजन गर्छौं।"

यति सुनिसकेपछि राजाले स्थविरलाई आफूसँगै नगर जानको निमित्त निम्त्याए।

"भइहाल्यो महाराज ! आजको रात हामी यहीं बस्ने छौं" भनी स्थविरले भन्नु भए पछि राजाले "भन्ते ! त्यसोभए यी स्याना भण्डुक कुमारलाई लैजान्छु" भनी भन्दा "महाराज ! यी कुमार

Downloaded from http://www.dhamma.digital

अनागामी हुन् । अब यी प्रव्रज्या हुन चाहन्छन्" भनी भन्नु भयो । यति सुनेर "त्यसोभए भोलिको निमित्त हामी रथ पठाउने छौं" भनी राजा फर्केर गए । (सम. पा. I पृ. ६४–६८; महा. वं. टी–१४ गा. नं. २४–३०)

त्यसपछि स्थविरले भण्डुक उपासकलाई ग्राम सीमा भित्र प्रव्रज्या र उपसम्पदा गर्नुभयो । त्यतिखेरै वहाँ पनि अरहत् हुनुभयो । (महा. वं. टी-१४, गा. नं. ३२–३३) राजा फर्किसकेपछि स्थविरले सुमन श्रामणेरलाई "धर्मश्रवण गर्ने घोषणा गर" भनी अऱ्हाउनु भयो । सुमन श्रामणेरले आफ्नो ध्यानबलले सारा लंका द्वीपका मानिसहरूले सुन्नेगरी धर्मश्रवणको घोषणा गरे । त्यस बखत महेन्द्र स्थविरले अं. नि–२, पृ. ६० मा उल्लिखित सारिपुत्र देशित समचित्त सूत्रको उपदेश गर्नुभयो । सारिपुत्र महास्थविरले पुर्वाराममा उपदेश गर्दा गर्दै त्यस बखत त्यहाँ धेरै देव मनुष्यहरू जम्मा भए । अनि ती जम्मा भएका असंख्य देवताहरूले धर्मावबोध गरे त्यसरि नै महिन्द स्थविरले उपदेश गर्दा पनि भएको थियो । (सम. पा. I. पृ. ६८; महा. वं. टी–१४, गा. नं. ३८–४१)

## राजदरबारमा भोजन

भोलिपल्ट राजाले स्थविरहरूको लागि रथ पठाए । स्थविर–हरूले "हामी रथमा बस्दैनौं । तिमीहरू जाँदै गर । हामी पछि आउनेछौं" भनी स्थविरहरू आकाशबाट अनुराधपुरको पूर्वतिरको पठमकचेतिय भन्ने स्थानमा ओर्लिहनु भयो । स्थविर ओर्लिहनु भएको ठाउँमा पछि चैत्य स्थापना गराएको थियो । त्यसैले त्यो स्थानलाई

Downloaded from http://www.dhamma.digital

'पठमक चेतिय' (=प्रथमक चैत्य) भनिएको हो। (सम. पा. I. पृ. ६८: बाहिरनिदानकथा; महा. वं. टी–१४,गा. नं. ४५)

रथ पठाइसकेपछि राजाले मंत्रीहरूलाई राजदरबारमा आसन तयार पार्ने आज्ञा दिए। हर्षित भएका मंत्रीहरूले तुरुन्तै खूब सजि सजाउ गरी ठूलो तथा राम्रो मण्डप तयार पारे। फेरि राजाको मनमा लाग्यो – हिजो उपदेशको शिलशिलामा शील सम्बन्धी कुरा गर्दा गर्दै उच्चासन र महासनको कुरा सुनाउनु भएको थियो। शायद वहाँहरू उच्च आसनमा बस्नु हुने हो कि होइन भन्ने मनमा लाग्यो। यत्तिकैमा रथका मानिसहरू आई "महाराज ! स्थविरहरू आइसक्नु भयो" भनी बिन्ती गरे। "रथमा आउनु भयो त ?" भनी राजाले सोध्दा सारथीहरूले "रथमा आउनु भएन। तिमीहरू जाइराख हामी पछि आउनेछौं भनी भन्नुभयो। अहिले चाहिं वहाँहरू हामीभन्दा अगाडि नै नगरको पूर्वपट्टि आइपुगी चीवर पारुपण गर्दै हुनुहुन्छ" भनी भने। यो सुनेर राजाले "रथमा पनि बस्नु भएन भने वहाँहरू अवश्य पनि उच्च आसनमा बस्नु हुने छैन होला" भन्ने ठानी मानिसहरूलाई भुइँमा आसन लगाउने आज्ञा दिई राजा स्थविरहरूको बाटो हेर्न गए। मंत्रीहरूले भुइँमा सुकुल बछ्याई त्यस माथि असल असल ओछ्यानहरू बिछ्याए। स्थविरको हातबाट पात्र मागी राजाले वहाँहरूलाई ठूलो पूजा र स्वागत सम्मान गर्दै नगर भित्र लगी दरवार भित्र्याए।

"लंकाद्वीपमा यही आसन जस्तै बुद्धशासन राम्ररी फैलिने छ" भन्ने ठानी स्थविरहरू बिछ्याइराखेको आसनमा बस्नुभयो। पछि

Downloaded from http://www.dhamma.digital

राजाले आफ्नै हातले वहाँहरूलाई उत्तम खाद्य भोजन अर्पण गर्नुभयो। त्यसपछि राजदरबारका ५०० स्त्रीहरूका साथ अनुलादेवीलाई बोलाई स्थविरहरूको पूजासम्मान गर भनी भने। सबै मानिसहरू एक छेउमा बसे। अनि मानिसहरूलाई संवेग जनाउनको निमित्त स्थविरले सर्वप्रथम पेतवत्थुका ('पेतवत्थु' भनेको सूत्रपिटकको खुद्दकनिकायको सातौं ग्रन्थ हो।) कुरा सुनाउनु भयो। संवेग भएका मानिसहरूलाई ढाँढस दिनकोलागि विमानवत्थुका कुरा सुनाउनुभयो ('विमानवत्थु' भनेको सूत्रपिटकको खुद्दकनिकायको छैटौं ग्रन्थ हो।) र यतिले सन्तोषलिई बस्नुहुन्न सत्यको साक्षात्कार गराउनुपर्छ भन्नुहुँदै सच्चसंयुत्तका कुराहरू पनि सुनाउनु भयो। ('सच्चसंयुत्त' भनेको सूत्रपिटकको संयुत्तनिकाय भाग-४ पृ. ५६ मा उल्लेख भएको छ।) स्थविरको धर्मोपदेश सुनी अनुलादेवी[1] सहित ५०० जना स्त्रीहरूले स्रोतापत्तिफल प्राप्त गरे। (सम. पा. I. पृ. ६८-६९: बाहिरनिदान-कथा; महा. वं. टी-१४, गा. नं.-४२-५८)

---

१. यी अनुलादेवी भन्ने को हुन् भन्ने बारेमा यहाँ केही कुरा प्रष्ट गरिदिनु आवश्यक ठान्दछु। यस विषयमा महावंस र समन्तपासादिकाले फरक फरक कुरा उल्लेख गरेका छन्। महा. वं. टी-१४, गा. नं. ५६ ले—

"कणिट्ठस्सोपराजस्स, महानागस्स जायिक।
वसन्ति राजगहे व, पक्कोसापेसि चानुलं॥" भनी उल्लेख

Downloaded from http://www.dhamma.digital

गरेको छ। अर्थात्— "राजदरबारमै बसिरहेकी देवानंपियतिस्सको भाइ महानागकी पत्नी अनुलादेवीलाई पनि बोलाउन पठाए।"

महा. वं. टी–२१, गा. नं. १२ को टीका पृ ३८४ मा मुटसीवका सहोदर छोराहरू नौ जना छन् भनी यसरी नाम दिएका छन्— मुटसीवको (१) जेठो छोरा अभय, (२) दोस्रो देवानंपियतिस्स, (३) तेस्रो उत्तियो, (४) चौथो महासीव, (५) पाँचौ महानाग, (६) छैठौं मत्ताभय, (७) सातौं सूरतिस्स, (८) आठौं कीरनाम, (९) नवौं असेलो। फेरि महा. वं. टी–११, गा. नं. ५ मा भने दशजना छोराहरू र दुइजना छोरीहरू भएको कुरा पनि उल्लेख भएका छन्।

महा. वं.–१८, गा. नं. ९ को टीका पृ. ३४८ मा "अनुलादेवी सा ति सा रञ्ञो भातु जाया अनुलादेवी" अर्थात्— अनुलादेवी भनेको राजाको भ्राता (दाइ) की पत्नी अनुला हुन् भनी उल्लेख भएको छ।

विमतिविनोदनी टीका पृ. ३० मा चाहिं "अनुलादेवी नाम रञ्ञो जेट्ठभातु जाया" अर्थात्— अनुलादेवी भनेकी राजाकी (देवानंपियतिस्सको) दाजुकी भार्या हुन् भनी प्रष्टसंग उल्लेख भएको छ। 'जेट्ठ भातु' भनेको अभय राजकुमार नै हुन्।

जम्बुद्वीपबाट ल्याइएको धातुको चमत्कार देखेर प्रसन्नभई यी अभय राजकुमार भिक्षु भएका थिए। समन्तपासादिका I.

Downloaded from http://www.dhamma.digital

पृ. ७८: बाहिरनिदानकथाले पनि "तस्मि च पन धातु पाटिहारिये चित्तं पसादेत्वा रञ्ञो भाता अभयो नाम राजकुमारो पुरिस-सहस्सेन सद्धि पब्बजि" अर्थात्— त्यस समय धातुको प्रातिहार्य देखेर चित्त प्रसन्न गरी राजाको भ्राता (=दाइ) अभय नामक राजकुमार एक हजार मानिसहरूसँग प्रव्रजित भए भनी उल्लेख गरेको छ। त्यसपछि अनुलादेवीले पनि आफु प्रव्रजित हुने इच्छा प्रकट गरेकी थिइन्। यिनलाई प्रव्रजित गर्नको लागि नै महेन्द्र स्थविरले पछि आफ्नी बहिनी संघमित्रालाई लिन पठाएका हुन्।

'भातु' मात्र भन्ने शब्दले दाजु हो कि भाइ हो भनी छुट्याउन अलि अप्ठेरो पर्छ।

जब यस शब्दमा 'कणिट्ठ' (=कनिष्ठ) शब्द राखिन्छ तब भाइ भनेको भन्ने प्रष्ट हुन्छ। भाता (=भ्राता) मात्र भन्नाले दाइ पनि भन्न सकिन्छ भाइ पनि भन्न सकिन्छ। पालिसाहित्यमा यो बिशेषण शब्दको प्रयोग सबै ठाउँमा भएको पाइँदैनन्। भाता (=भ्राता) शब्द मात्र प्रयोग भएको पाउँछौं। अतः कुराको प्रसंग हेरी 'दाइ' हो कि 'भाइ' हो भन्ने कुरा बुझ्न सक्नु पर्छ।

प्रायः जसो 'भाता' भन्नाले धेरैजसो ठाउँमा दाजुलाई नै भनिएको बुझिन्छ। जस्तै— संघमित्ताले "महाराज! मय्हं भाता महिन्दत्थेरो" भन्ने बाट प्रष्ट बुझिन्छ। (सम. पा. I. पृ. ७९)

Downloaded from http://www.dhamma.digital

त्यस बखत त्यहाँ मानिसहरूको ठूलो घुइँचो लागेको थियो। जसले हिजोको दिनमा स्थविरहरूलाई देखेका थिए तिनीहरू सबै स्थविरको दर्शन गर्न कराइरहेका थिए। अनि राजाले "यो के को होहल्ला हो ?" भनी सोध्दा "स्थविरहरूको दर्शन गर्न मानिसहरू कराइरहेका" भनी भन्दा "यत्तिका मानिसहरू यहाँ अटाउने छैनन्" भन्ने बिचार गरी राजाले हात्तीसारको मैदानमा बस्ने व्यवस्था मिलाउन आज्ञा दिए। मानिसहरूले त्यसैगरी स्थविरलाई त्यहाँ

---

भाइ भन्नुपर्दा 'कणिट्ठ' (=कनिष्ठ) शब्द प्रयोग गरेको महा. वं. टी-१७, गा. नं. ५७ मा "मत्ताभयो राजपुत्तो, कणिट्ठो राजिनो पन" र महा. वं. टी-१४, गा. नं. ५६ मा "कणिट्ठस्सो-पराजस्स, महानागस्स जायिकं" भन्ने बाट पनि बुझन सकिन्छ। 'कणिट्ठ' शब्द जोडने जस्तै अपवादस्वरूप 'जेट्ठ' शब्द पनि जोडिएको पाउँछौं। जस्तै माथि विमतिविनोदनीटीकामा "रञ्ञो जेट्ठभातु जाया" भनी उल्लेख भएको छ। यो 'जेट्ठभातुजाया' भन्नाले अनुलादेवी अभय राजकुमारकी भार्या नै हुन् भन्नेमा कुनै सन्देह रहँदैन।

यहाँनिर अर्को एउटा मनमा प्रश्न उठ्छ। त्यो के हो भने— अभय राजकुमार प्रव्रजित भएको धातुको प्रातिहार्य देखेर हो भने यो अवश्य पनि पछिको कुरा हो। तर यहाँ महेन्द्रले उपदेश दिएको पहिले हो। अनुलादेवी प्रव्रजित भएकी पनि पछि नै हो।

Downloaded from http://www.dhamma.digital

बसाले। त्यहाँ स्थविरले म. नि. III पृ. २५० मा र अं नि–३, पृ. १२८ मा उल्लिखित देवदूत सूत्रको उपदेश सुनाउनु भयो। धर्मोपदेशको अन्त्यमा एकहजार जति मानिसहरूले स्रोतापत्तिफल प्राप्त गरे। त्यसपछि हात्तीसारमा पनि ठाउँ साँगुरो भएपछि दक्षिण–द्वार निरको नन्दन उदयानमा आसन लगाए। त्यहाँ बसी स्थविरले सं. नि III. पृ. १५६ मा उल्लिखित सलायतनसंयुत्तको आसीविसो–पम सूत्रको उपदेश सुनाउनु भयो। यहाँ पनि एकहजार मानिसहरूले स्रोतापत्तिफल लाभ गरे। महा. वं. टी–१५ गा. नं. ४ मा चाहिं म. नि. III. पृ. २३३ मा उल्लिखित बालपण्डित सूत्रको उपदेश दिनु भएको थियो भनी उल्लेख भएको छ। यसरी स्थविर आएको दुइदिनमा २,५०० जनाले स्रोतापत्तिफल प्राप्त गरे। (सम. पा I. पृ. ७०: बाहिरनिदानकथा)

नन्दन वनमा आएका स्त्री-पुरुषहरूसँग कुशलक्षेमको कुरा गर्दा गर्दै साँझपऱ्यो। अनि स्थविर मिस्सक पर्वतमा जाने बेला भयो भनी आसनबाट उठ्नुभयो। यो कुरा राजालाई सुनाएपछि राजाले आज्ञा दिए अनुसार मंत्रीहरूले स्थविरलाई "भन्ते! अहिले कुबेला भइसक्यो यहाँ नन्दन उदयानमा नै बस्नुहोस्" भनी बिन्ती गर्दा पनि स्थविरहरूले जाने नै इच्छा गर्नुभयो। अनि राजाको आज्ञाअनुसार मंत्रीहरूले बिन्ती गरे— "भन्ते! यो मेघवन मेरो पिताको हो। यो मेघवन शहरबाट धेरै टाढा पनि छैन त्यति नजिक पनि छैन। यही मेघवनमा बस्नुहोस्।" स्थविरहरू उहीं बस्नुभयो। (सम. पा. I. पृ. ७०; महा. वं. टी–१५, गा. नं. ५–१३)

Downloaded from http://www.dhamma.digital

## मेघवन प्रदान

भोलिपल्ट अर्थात् महेन्द्र स्थविर आउनु भएको तेस्रो दिन बिहान राजा स्थविरकहाँ गई राम्ररी निदाउनु भयो कि भएन भनी स्थविरसंग कुशलक्षेमको कुरा गरे। त्यसपछि राजाले "भन्ते ! संघलाई आराम ग्रहण गर्नु उचित छ कि छैन ?" भनी सोध्दा स्थविरले "कुनै आपत्ति छैन" भनी बिम्बिसार राजाले भगवान्लाई वेणुवनाराम प्रदान गरेको कुरा सुनाउनुभई महा. वं. पा. पृ. २८ मा उल्लिखित "अनुजानामि भिक्खवे, आरामं" भन्नु भएको सूत्रको कुरा अर्थात्— "भिक्षुहो ! आराम ग्रहण गर्ने अनुमति दिन्छु" भन्नु भएको कुरा सुनाउनु भयो। यो सुनेर राजा अति प्रसन्न भई सुवर्णको कलशद्वारा स्थविरको हातमा पानी खन्याई महामेघवन उदयान प्रदान गरे। (सम. पा. I. पृ. ७०–७१; महा. वं. टी–१५, गा. नं· १३–१७, २४–२६, महा. वं. टी–१५, पृ. ३०१–०२)

त्यस बखत भूमिकम्प भएको देखेर राजा डराई स्थविरसँग सोध्दा "डराउनु पर्ने कुनै कारण छैन। यो स्थानमा पहिलो विहार स्थापना हुनेछ भन्ने पूर्व सूचना हो" भनी स्थविरले भन्नु भयो। राजा सारै खुशी भए। स्थविरले त्यसपछि पनि राजदरबारमै भोजन गरी नन्दन वनमा सं. नि. II. पृ. १५१ मा उल्लिखित अनमतग्गसंयुत्तको उपदेश गर्नुभयो। (सम. पा. I. पृ. ७१) महा. वं. टी–१५, गा. नं. १७८ मा भने तेस्रोदिनमा सं. नि. III. पृ १५६ मा उल्लिखित आसिविसोपम सूत्रको उपदेश गर्नु भएको कुरा उल्लेख भएको छ।

Downloaded from http://www.dhamma.digital

त्यहाँ भेला भएका अनुलादेवी सहित ५०० स्त्रीहरूले दोस्रोफल अर्थात सकृदागामी फल प्राप्त गरे। (महा. वं. टी–१५, गा. नं १८)

त्यसपछि चौथो दिनमा अं. नि–७ पृ. २१ मा उल्लिखित अग्गिक्खन्धोपम सूत्रको उपदेश दिनु भयो। (महा. वं. टी–१५ गा. नं. १७६; सम. पा. I. पृ. ७१)

पाँचौं दिनमा पनि स्थविरले राजदरबारमै भोजन गर्नु भई सं. नि. II. पृ. ३१२: खन्धसंयुत्तमा उल्लिखित खज्जनीय सूत्रको उपदेश दिनु भयो। (महा. वं. टी–१५, गा. नं. १९५)

छैटौं दिनमा पनि राजदरबारमै भोजन गरी स्थविरले नन्दन वनमा सं. नि. II. पृ. ३६० मा उल्लिखित खन्धसंयुत्तको गोमयपिण्ड सूत्रको उपदेश गर्नु भयो। एकहजार मानिसहरूले धर्मावबोध गरेका थिए र महामेघ वनमा नै स्थविरले रात बिताउनु भयो। (महा. वं. टी–१५, गा. नं. १९७–९८)

सातौं दिनमा पनि राजदरबारमा नै भोजन गरी नन्दन वनमा स्थविरले धम्मचक्क (=धर्मचक्र) सूत्रको उपदेश दिनु भयो। (यो सूत्र म. नि. I. पृ. ११९; म. नि II. पृ. ३३५; सं. नि. IV. पृ. ३६०; पटि. म. पा. पृ. ३९८; पटि. म. पा. पृ. ४१४ र महा. व. पा. पृ. १३ मा उल्लेख भएका छन्) यस बखत हजारौं मानिसहरूले धर्मावबोध गरे। यसरी महेन्द्र स्थविर लंका पुग्नु भएको सात दिन भित्र जम्मा ८,५०० मानिसहरूले धर्मावबोध गरेका थिए अर्थात्

Downloaded from http://www.dhamma.digital

मार्गफल प्राप्त गरेका थिए। (सम. पा. I. पृ. ७१; महा. वं. टी–१५ गा. नं. १९९–२००)

नन्दन वनबाट धर्मको ज्योति प्रकाश भएको हुनाले त्यसैबेला देखि नन्दन वनको नाम नै 'ज्योतिवन' रहन गएको हो। पछि राजालाई दरबारमा सं. नि. I. पृ. ८५ सलायतनसंयुत्तमा उल्लिखित अप्पमाद सूत्रको उपदेश सुनाउनु भई चेतीय (चेतिय) पर्वतमा नै फर्केर जानुभयो। मिस्सक पर्वतलाई नै चेतीय पर्वत भनिएको हो। (सम. पा. I. पृ. ६२, ७१) राजाले लंकामा अरू के के गरे कस्ता कस्ता विहारहरू बनाए भन्ने विस्तृत कुरा जान्नको निंति महावंसको पन्ध्रौं परिच्छेद हेर्नू।

महा. वं. टी–१६, गा. नं. २ मा चाहिं स्थविर २६ दिन सम्म महामेघ वनमा बसी आषाढ शुक्लपक्षको तेह्रौं दिनमा राजदरबारमा भोजन गरी महाअप्पमाद सूत्रको उपदेश सुनाई चेतीय पर्वतमा जानु भएको कुरा उल्लेख भएको छ। त्यसैले भनिएको—

"छब्बीसदिवसे थेरो, महामेघवने वसि।
आसाल्ह सुक्कपक्खस्स, तेरसे दिवसे पन॥
राजगेहम्हि भुञ्जित्वा, महारञ्ञो महामति।
महाप्पमादसुत्तन्तं, देसयित्वा ततो व सो॥
विहारकरणं इच्छं, तत्थ चेतियपब्बते।
निक्खम्म पुरिमद्वारा, अग्गा चेतियपब्बतं॥"
(महा. वं. टी–१६, गा. नं. २–४)

Downloaded from http://www.dhamma.digital

स्थविर चेतीय पर्वतमा गइसक्नु भएपछि देवानंपियतिस्स राजाको मनमा यस्तो लाग्यो – "स्थविरले हामीलाई निकै राम्रो सँग उपदेश सुनाउनु भयो। शायद वहाँ फर्केर जानुहुने त होइन ?"

राजाको मनमा यस्तो शंका लागेपछि भोलिपल्ट दुइजना महारानीहरूलाई रथमा राखी ठूलो राजप्रभाव देखाउँदै धेरै परिवारहरू लिई चेतीय पर्वतमा गए। पर्वतमा पुगेपछि महारानीहरूलाई एक–ठाउँमा छाडी राजा एक्लै अरू परिवारहरूका साथ स्थविर कहाँ गए। राजा त्यस बखत सारै थाकेका थिए।

"महाराज! किन यसरी परिश्रम गरी आउनु भएको ?"

"भन्ते! तपाईले हामीहरूलाई निकै राम्रोसँग उपदेश दिनु–भयो। त्यसैले शायद तपाई फर्कनु हुने हो कि भन्ने शंका लागेर आएको हुँ।"

## प्रथम वर्षावास

"महाराज! हामीहरू फर्कने छैनौं। बरू वर्षावास बस्ने समय आएकोले वर्षावास बस्न यहाँ आएका हौं" भनी महावग्गपालि पृ. १४४ मा उल्लिखित वस्सूपनायिकक्खन्धकको कुरा सुनाउनु भयो। त्यस बखत राजाका भाञ्जा महाअरिट्ठ महामात्य सहित उनका ५५ जना दाजुभाइहरू पनि थिए। यो खन्धकको कुरा सुनी सकेपछि प्रव्रजित हुने इच्छाभई राजाको आज्ञा लिई तथा स्थविरको पनि अनुमति लिई उनीहरू सबै उत्तिखेरै त्यहीं तुम्बरुमालक भन्ने सीमागृहमा प्रव्रजित र उपसम्पन्न

Downloaded from http://www.dhamma.digital

भई अरहन्त पनि भए । त्यसपछि राजाले चेतीय पर्वतको कम्पाउण्ड–लाई काँढाको तारले घेर्न लगाई ६८ वटा गुफाको कामकाज गर्न लगाए । आषाढ पूर्णिमाको दिन काम सिद्धिएको थियो । त्यहाँ पहिलो वर्षावास गर्नेहरू मध्येमा ६२ जना अरहन्त भिक्षुहरू थिए । (सम. पा. I. पृ. ७१–७२; महा. व. टी–१६, गा. नं. ७–१७ पृ. ३३०)

वर्षावास सिद्धिई पवारणा गरिसकेपछि स्थविरले कार्तिक पूर्णिमाको दिन राजालाई यसो भन्नुभयो—

"महाराज ! हामीहरू धेरैदिनदेखि यहाँ अनाथ जस्तै भई बसिरहेका छौं । भगवानको दर्शन नपाएको धेरै दिन भइसक्यो । हामी–हरू जम्बुद्वीपमा फर्कन चाहन्छौं ।"

राजा भन्दछन्— "भन्ते ! म तपाईंहरूलाई चतुप्रत्ययद्वारा सेवा गर्दछु । यी जनताहरू तपाईंकै कारणले त्रिशरणमा प्रतिष्ठित भएका छन् । किन तपाईं आत्तिनु भएको ।"

"महाराज ! भगवान्को दर्शन नपाएको धेरै दिन भइसक्यो । यहाँ वन्दना पूजागर्ने कुनै ठाउँ पनि छैन । त्यसैले आत्तिएका ह्वौं ।"

"भन्ते ! तपाईंले तथागत सम्यक्सम्बुद्ध परिनिर्वाण भइसक्नु भयो भनी भन्नु भएको होइन र ?"

"महाराज ! यद्यपि भगवान् परिनिर्वाण भइसक्नु भयो तर वहाँका शारीरिक धातुहरू बाँकी छन् ।"

Downloaded from http://www.dhamma.digital

## धातु ल्याउने तरखर

"भन्ते ! कुरा बुझें । तपाईं स्तूप बनाउन चाहनु हुन्छ । बनाइ दिनेछु । स्थान हेर्नुहोस् । भन्ते ! तर धातुहरू कुन ठाउँबाट पाउन सकिएला त ?"

"महाराज ! सुमन श्रामणेरसंग कुरा गर्नुहोस् ।"

"हवस्, भन्ते !" भनी सुमन श्रामणेरकहाँ गई सोधे "भन्ते ! कहाँबाट धातुहरू पाउन सकिएला ?"

"महाराज ! तपाइं निश्चिन्त रहनुहोस् । उपोसथ शील समादान गरी सडकहरू सफा सुग्घर गराउन लगाई ध्वजा पताकाहरूले सिंगारी महानाग वनमा गई प्रतीक्षामा बस्नुहोस् । त्यहाँ अवश्यमेव धातुहरू पाउनु हुनेछ ।"

"हुन्छ" भनी राजाले स्वीकार गरे । अनि महेन्द्र स्थविरले सुमन श्रामणेरलाई यसो भन्नु भयो—

"श्रामणेर ! तिमी तिम्रा बाजे अशोक धर्मराजाकहाँ गई मेरो वचनले यसो भन— 'तपाईंको साथी देवानंपियतिस्स राजा बुद्धशासनमा प्रसन्न भई स्तूप बनाउन चाहन्छन् । तपाईंसंग बुद्धका धातुहरू धेरै छन् । ती मलाई दिनुहोस् । ती लिएर शक्र देवराजा कहाँ गई महाराज तपाईंको हातमा दुईवटा धातुहरू छन् । ती मध्ये दाहिने दन्तधातु तपाईंले राखनुभई पूजा सत्कार गर्नुहोस् र दाहिने अक्ख धातु (=दाहिने गर्धन निरको हाड Collar-bone) मलाई दिनुहोस् ।' यो पनि भन कि, हामीलाई ताम्रपर्णीद्वीपमा पठाई

Downloaded from http://www.dhamma.digital

(—लंकामा पठाई) किन हेरचाह नगरेको ?" (सम. पा. I. पृ. ७२–७३; महा. वं. टी–१७, गा. नं. १–८)

"हवस् भन्ते !" भनी सुमन श्रामणेर उत्तिखेरै पात्र चीवर ग्रहण गरी आकाशबाट पाटलीपुत्रमा ओर्ल्हीं राजाकहाँ गई सबै कुरा भनी भगवान्को भिक्षापात्र पनि दिनुहोस् भनी भन्नुभयो। सारै खुशी भएका राजाले भगवान्को पात्र भरी उत्तम मोती जस्ता धातुका दानाहरू राखि दिए। (महा. वं. टी–१७, गा. नं. १२)

सम. पा. I. पृ. ७३ ले भने सुमन श्रामणेरको पात्र भरी धातु राखिदिए भनी उल्लेख गरेको छ। त्यहाँबाट श्रामणेर शक्र देवेन्द्र राजाकहाँ गई दक्षिण अक्खधातु मागेर ल्याई चेतीयगिरि पर्वतमा जानुभयो। (महा. वं. टी–१७, गा. नं. २१; सम. पा. I. पृ. ७३)

त्यसैले महावंस-१७, गा. नं. २१ मा यस्तो उल्लेख भएको—

"तं धातुं धातुपत्तं च, आदाय सुमनो ततो।
आगम्म चेतियगिरिं, थेरस्सादासि तं यतिं ॥"

अर्थात् — शक्रदेवेन्द्रले दिएको अक्खधातु र अशोकले दिएको पात्र भरी भएको धातु ल्याई चेतीयगिरि पर्वतमा आई महेन्द्र महास्थविरलाई दिनुभयो।

त्यसपछि अशोक धर्मराजाले दिएको भगवान्को पात्र र धातुहरू चेतीयगिरि पर्वतमा नै राखी शक्रले दिएको दक्षिण अक्ख

Downloaded from http://www.dhamma.digital

धातुलाई मात्र स्थविरहरूले संध्या समयमा महानागवन उदयानमा लैजानु भयो। (महा. वं. टी–१७ पृ. ३३७; सम. पा. I. ७४: बाहिरनिदानकथा।)

त्यहाँ धातुबाट अनेक अद्भुत र आश्चर्यजनक प्रातिहार्यहरू देखिएका थिए। देवानंपियतिस्स राजाको शीरमा धातु प्रतिष्ठित भएको देखेर राजाले आफ्नो जीवन सफल भएको सम्झे। धातु राखिएको हात्ती नगर परिक्रमा गरी थूपाराममा पुग्यो। यो थूपाराममा अघि अघिका तीनजना बुद्धहरूले परिभोग गरेका धातु वस्तुहरू पनि थिए। अहिले चाहिं ती वस्तुहरू छैनन्। केवल स्थान मात्र छ।

(१) ककुसन्ध बुद्धको पालामा लंकालाई 'ओजद्वीप' भनिन्थ्यो। त्यहाँ ककुसन्ध बुद्धको पानी छान्नी राखिएको थियो।

(२) कोणागमन बुद्धको पालामा लंकालाई 'वरद्वीप' भनिन्थ्यो। त्यहाँ कोणागमन बुद्धको कायबन्धन (=पटुका) राखिएको थियो।

(३) कश्यप बुद्धको पालामा लंकालाई 'मण्डद्वीप' भनिन्थ्यो। त्यहाँ कश्यप बुद्धको नुहाउने कपडा राखिएको थियो।

(४) अहिले त्यसै ठाउँमा शाक्यमुनि बुद्धको दाहिने अक्ख-धातु प्रतिष्ठित गरियो।

कार्तिकपूर्णिमाको दिन धातु प्रतिष्ठापना भएको थियो भनी महा. वं. टी–१७, पृ. ३४४ ले उल्लेख गरेको छ। धातुको स्तूप

Downloaded from http://www.dhamma.digital

थुसाकारको थियो । अर्थात् धानको थुप्रोको आकार जस्तो थियो ।
(सम. पा. I. पृ. ७४–७७; महा. वं. टी–१७, गा. नं. २२–६४)

भगवान्को जीवन कालमा भगवान् बुद्ध स्वयं तीनपटक सम्म लंकामा जानुभएको कुरा समन्तपासादिका I. पृ. ७७: बाहिरनिदान–कथामा उल्लेख भएको छ र अहिले यो चौथोपटक भने वहाँको शरीर धातुमात्र आइपुग्यो ।

धातुको चमत्कार देखेर प्रसन्न भएका देवानंपियतिस्स राजाका भाइ मत्ताभय राजकुमार एकहजार मानिसहरूका साथ राजाको अनुमति लिई प्रव्रजित भएको कुरा महा. वं. टी–१७, गा. नं.५७–५८ मा यसरी उल्लेख भएको छ –

"तं पाटिहारिये दिस्वा, पसीदिसु जिने जना ।
मत्ताभयो राजपुत्तो, कणिट्ठो राजिनो पन ।।
मुनिस्सरे पसिदित्वा, याचित्वा नरिस्सर ।
पुरिसानं सहस्सेन, सह पब्बजि सासने ।।"

सम. पा. I. पृ. ७८: बाहिरनिदानकथामा चाहिं "तस्मिं च पन धातुपाटिहारिये चित्तं पसादेत्वा रञ्जो भाता अभयो नाम राजकुमारो पुरिससहस्सेन सद्धिं पब्बजि" भनी उल्लेख भएको छ ।

अर्थात्— "त्यो प्रातिहार्य देखेर त्यहाँ भेला भएका जनताहरू भगवान् बुद्ध प्रति अति प्रसन्न भए । राजाका कनिष्ठ राजपुत्र मत्ताभय

Downloaded from http://www.dhamma.digital

भन्ने चाहिं मुनिश्वर माथि प्रसन्न भई राजाको अनुति मागी एकहजार मानिसहरूसंग बुद्धशासनमा प्रव्रजित भए ।"

"समन्तपासादिका पृ. ७८: बाहिरनिदानकथामा चाहिं त्यस धातु प्रातिहार्य देखेर चित्त प्रसन्न गरी राजाको भाता (=भ्राता) अभय भन्ने राजकुमार एकहजार मानिसहरूकासाथ प्रव्रजित भए ।"

महा वं. टी–२१, गा. नं. १२ को पृ. ३८४ ले "मुटसीव जेट्ठपुत्तो अभयो नाम" भन्ने वाक्यद्वारा अभयो भन्नाले मुटसीवको जेठा छोरा अभय देवानंपियतिस्सको सह्रे दाइ भन्ने जनाउँछ भने 'मत्ताभय' भन्नाले राजाको छैठौं भाइ भन्ने प्रष्ट हुन्छ र 'महानाग' भन्नाले राजाको पाँचौं भाइ भन्ने बुझिन्छ । (हेर्नू माथि पृ. १३ को पादटिप्पणीमा)

वि. वि. टी. पृ. ३० ले भने "रञ्ञो भाता ति रञ्ञो कणिट्ठ भाता" भनी उल्लेख गरेको छ । अर्थात्— राजाको भ्राता (भाता) भनेको कान्छो भाइ हो भनी उल्लेख गरेको छ । फेरि उहीं अनुलादेवी को हुन् भन्ने ठाउँमा— "अनुलादेवी नाम रञ्ञो जेट्ठभातु जाया" अर्थात्— अनुलादेवी भनेकी राजाका दाइकी भार्या हुन् भनी उल्लेख भएको छ । तर यी कुराहरू परस्परमा मेल खाँदैनन् ।

यतिजेल सम्म लंकामा ३० हजार भिक्षुहरू भइसकेका थिए । यसरी धातु प्रतिष्ठत गरिसकेपछि महेन्द्र स्थविर मेघवन उदयानमा नै गएर बस्नुभयो । (महा. वं. टी–१७, गा. नं. ६१; सम. पा. I. पृ. ७८)

Downloaded from http://www.dhamma.digital

## संघमित्रा स्थविरालाई लिन पठाए

त्यसपछि आफू प्रव्रजित हुन चाहेको कुरा अनुलादेवीले राजा-लाई बिन्ती गरिन् । राजाले यो कुरा महेन्द्र स्थविरलाई सुनाउनु भयो । स्थविरले "महाराज ! हामीले आइमाई जातिलाई प्रव्रजित गराउनु हुन्न । पाटलिपुत्रमा संघमित्रा (संघमित्ता) भन्ने मेरी बहिनी भिक्षुणी छिन् । उनलाई बोलाउन पठाउनुहोस् । उनले भिक्षुणी बनाउन सक्छिन् । महाराज ! यस द्वीपमा अघि अघिका तीनजना बुद्धहरूका बोधिबृक्षहरू स्थापना भएका थिए । हाल बुद्धको बोधिबृक्ष[1] पनि ल्याई स्थापना गर्नुहोस् । मेरा पिता अशोक धर्मराजालाई त्यस्तो सन्देश पठाउनुहोस् ता कि बोधिबृक्षको शाखा लिई संघमित्रा यहाँ आउन सकून् ।" (सम. पा. I. पृ. ७८; महा. वं. टी-१५, गा. नं. ३४-३५)

---

१. अघि अघिका तीनजना बुद्धहरूका बोधिबृक्ष यस प्रकार थिए—

(१) ककुसन्ध बुद्धको बोधिबृक्ष 'महासिरिसबृक्ष' थियो;

(२) कोणागमन बुद्धको बोधिबृक्ष 'उदुम्बरबृक्ष' थियो;

(३) काश्यप बुद्धको बोधिपृक्ष 'निग्रोध' अर्थात् बरको रुख थियो र

(४) हाल बुद्धको बोधिबृक्ष 'पीपलको रुख' हो । (जा. अ. क. I. II. पृ. ३७: दूरेनिदान; महा. वं टी-५, पृ. ३१०; गा. नं. ११२ र महा. वं. टी-१५, गा. नं. १४७)

Downloaded from http://www.dhamma.digital

त्यसले महा. वं. टी–१५, गा. नं. ३४–३५ ले यस्तो उल्लेख गरेको—

"इमम्हि कप्पे बुद्धानं, तिण्णन्नं बोधिरुक्खतो।
आनेत्वा दक्खिणा साखा, रोपिता इध भूमियं॥
तथागतस्स अम्हाकं, बोधिसाखा पि दक्खिणा।
इमस्मिं येव ठानम्हि, पतिट्ठिस्सति भूमिया॥"

अर्थ—

"यसै कल्पका तीनै बुद्धहरूका बोधिवृक्षहरूका दक्षिण शाखा ल्याएर यसै ठाउँमा रोपेकाथिए। हाम्रा तथागतको दक्षिण बोधिशाखा पनि यसै ठाउँमा स्थापना हुनेछ।"

"हवस्" भनी स्थविरको कुरा सुनी मंत्रीहरूसँग सल्लाह गरी आफ्ना भाञ्जा अरिट्ठलाई पठाउने निधो गरे। अरिट्ठले "पाटलीपुत्र–बाट फर्किसकेपछि प्रव्रजित हुने अनुमति दिनु भएमा जानेछु" भनी राजालाई भनेपछि राजाले "हुन्छ" भनी उनलाई अनुमति दिए। उनी गएर अशोक धर्मराजालाई "देवानंपियतिस्स राजाका भ्राता (=दाइ) की पत्नी अनुलादेवी प्रव्रजित हुन चाहन्छिन्। अतः संघमित्रा स्थविराका साथ बोधिवृक्षको शाखा पनि प्रदान गर्नुहोस्" भनी राजाको खबर सुनाए। अरिट्ठले यो खबर संघमित्रा स्थविरालाई पनि सुनाए। अनि संघमित्रा स्थविरा बोधिवृक्षको दक्षिण शाखा लिई लंकामा आउनुभयो। (अरू कुरा तल संघमित्रा शब्दमा हेर्नु) (सम. पा. I. पृ. ७८–८३; महा. व टी–१८, गा. नं. १–८; ६३–६४)

Downloaded from http://www.dhamma.digital

संघमित्रा स्थविरालाई लिन पठाएदेखि राजदरबारका ५०० स्त्रीहरू र अरू ५०० केटीहरूसँग काषायवस्त्र पहिरी दशशील समादान गरी नगरको एक छेउमा उपश्रय (=बस्ने ठाउँ) बनाउन लगाई अनुलादेवी त्यहीं बसिन्। (सम. पा. I. पृ. ७९; महा. वं. टी–१८, गा. नं. ९–१२)

संघमित्रा स्थविराले बोधिवृक्षको शाखा लंकामा ल्याइसकेपछि राजाको भाञ्जा अरिट्ठ पनि ५०० मानिसहरूका साथ महेन्द्र स्थविर–कहाँ प्रव्रजित भई अरहन्त भए। (सम. पा. I. पृ. ८७; महा. वं. टी–१९, गा. नं. ६६)

## स्तूपनिर्माण

महाविहार र थूपाराम पहिलो वर्षमा निर्माण गरिसकेपछि राजाले स्थविरलाई यसो भने—

"भन्ते! धेरै धेरै विहारहरू र स्तूपहरू बनाउन चाहन्छु। भन्ते! तर त्यसमा राख्नको लागि धातुहरू कहाँबाट पाउन सकुँला?"

"महाराज! सुमन श्रामणेरले भगवान्को पात्र भरी ल्याएका धातुहरू चेतीय पर्वतमा छन्। तिनीहरू राखेर विहारहरू तथा चैत्यहरू बनाउनुहोस्।" राजाले त्यसै गरे। भगवान्को पात्रलाई भने राजाले आफ्नै दरबारमा राखी पूजा-आजा गरे। (महा. वं. टी–२०, गा. नं. ७–१३)

Downloaded from http://www.dhamma.digital

जहाँ ५०० प्रभावशाली महास्थविरहरू बस्नु भएको थियो त्यो स्थानको नाम 'इस्सरसमणक' भन्ने रहन गयो। जहाँ ५०० वैश्य जातिका महास्थविरहरू बस्नु भएको थियो त्यो स्थानको नाम 'वेस्सगिरि' रहन गयो। जहाँ जहाँ महेन्द्र स्थविरले बास गर्नुभयो त्यसको नाम 'महेन्द्र गुफा' भन्ने रहन गयो। (महा. वं. टी–२०, गा. नं. १४–१६)

देवानंपियतिस्स राजाले बनाएका केही स्थानका नामहरू यस प्रकार छन्—

"(१) महाविहार, (२) चेतीय विहार, (३) थुपाराम, (४) महाबोधिको स्थापना, (५) महाचैत्यस्थानमा शिलास्तम्भ राखे जहाँ भगवान्‌को अक्खधातु (=गर्धन निरको धातु) राखे, इस्सरसमण विहार, (७) तिस्स तलाऊ, (८) 'प्रथम स्तूप' अर्थात् जहाँ महेन्द्र स्थविरसँग पहिलो पल्ट राजाको भेट भएको थियो त्यहाँ बनाएको चैत्य र (९) वेस्सगिरि विहार।" (महा. वं. टी–२०, गा. नं. १७–२०)

यसपछि उपोसथागार, अम्बङ्गण भन्ने संघसन्निपात हुने स्थानहरू बनाइसकेपछि एकदिन राजाले स्थविरसँग यस्तो सोधे (सम. पा. I. पृ. ८७–७८)—

## बुद्धशासनको जरो

"भन्ते! ताम्रपर्णोद्वीपमा बुद्धशासन प्रतिष्ठित भयो के?"

Downloaded from http://www.dhamma.digital

"महाराज ! शासन प्रतिष्ठापना त भयो तर जरो चाहिं गाडिएको छैन ।"

"भन्ते ! त्यसोभए कसरी शासनको जरो गाडिएको हुनेछ त ?"

"महाराज ! जब ताम्रपर्णोद्वीपका मातापिताको तरफबाट जन्मेको पुत्र ताम्रपर्णोद्वीपमा प्रव्रजित भई ताम्रपर्णोद्वीपमा नै विनय अध्ययन गरी ताम्रपर्णोद्वीपमा नै अध्यापन गर्नेछन् तब शासनको जरो गाडिएको हुनेछ ।"

"भन्ते ! त्यस्तो समर्थ भिक्षुहरू अहिले कोही छन् के ?"

"महाराज ! छन्, महाअरिट्ठ भिक्षु यस विषयमा समर्थ छन् ।"

"भन्ते ! त्यसोभए मैले के गर्नुपर्‍यो त ?"

"महाराज ! मण्डप तयार पार्नुपर्‍यो ।"

"हवस् भन्ते !" भनी राजाले मेघवण्ण भन्ने अभय मंत्रीको पटांगिनीमा, महासंगीतिको पालामा अजातशत्रु राजाले तयार गरे जस्तै, मण्डप तयार पार्न लगाए । त्यसबखत थुपाराम विहारमा ६८ हजार भिक्षुहरू भेला भए । महेन्द्र स्थविरको निंति दक्षिण तिर हेर्ने गरी आसन राखिएको थियो । महाअरिट्ठ स्थविरको निंति उत्तरतिर हेर्ने गरी आसन राखिएको थियो । अनि महेन्द्रको आज्ञा–अनुसार महाअरिट्ठ स्थविर आफूलाई प्राप्त धर्मासनमा बस्नुभयो ।

Downloaded from http://www.dhamma.digital

महिन्द स्थविर सहित६८ हजार भिक्षुहरू धर्मासनलाई घेरी बस्नुभयो। राजाका भाइ मत्ताभय स्थविर पनि (रञ्ञो पि कणिट्ठ भाता मत्ताभयत्थेरो नाम) (सम. पा. I. पृ. ८९) विनय ग्रहण गर्नेछु भनी आफ्ना ५०० भिक्षुहरूका साथ प्रमुख धर्मासनलाई घेरा लगाई बस्नुभयो। बाँकी भिक्षुहरू पनि राजा सहित राजपरिवारका मानिसहरू पनि आ-आफ्नो ठाउँमा बसे।

अनि महाअरिट्ठ स्थविरले "त्यस समय भगवान् वेरञ्जामा बस्नु भएको थियो" भनी विनय निदानको कुरा सुनाउनु भयो। विनय निदानको कुरा सुनाउने बित्तिकै आकाश गर्जी अनेक चमत्कारहरू देखा परे र सबैले हर्षध्वनीका साथ साधुकार दिए। यसरी महाप्रातिहार्यको प्रदर्शन भएपछि आयुष्मान् अरिट्ठले महामहेन्द्र सहित प्रत्येक क्षीणास्रवी गणका ६८ जना अरहन्तहरू तथा ६८ हजार भिक्षुहरूले परिवृत्त भरी कार्तिक पवारणाको दिनमा थूपाराम विहारको बोचमा कायवचन सयम गर्नुपर्ने, करुणाले भरिएको शास्ताको अनुशासनी विनयको प्रकाश पार्नुभयो। यसरी विनयको प्रकाश पारी धेरैलाई अध्ययन गराई धेरैको मनमा राखन लगाई आयु छउञ्जेलसम्म बसी महेन्द्र महास्थविर अनुपादिशेष निर्वाण धातुमा परिनिर्वाण हुनुभयो। (सम. पा. I. पृ. ८८–८९; बाहिरनिदानकथा, ततोयसंगितिवण्णना)

त्यसैले महा. वं. टी–२०, गा. नं. ३०–३१ मा यस्तो उल्लेख भएको हो —

"महामहिन्दथेरो तु, जिनसासनमुत्तमं।
परियत्ति पटिपत्ति, पटिवेधं च साधुकं॥

Downloaded from http://www.dhamma.digital

लङ्कादीपम्हि दीपेत्वा, लङ्कादीपो महागणी ।
लङ्काय सत्थुकप्पो सो, कत्वा लङ्काहितं बहुं ।।"

अर्थ—

"जिनशासनमा उत्तम हुनु भएका वहाँ महेन्द्र महास्थविरले परियत्ति, प्रतिपत्ति तथा प्रतिवेध शासनलाई लंकाद्वीपमा प्रकाश पारी लंकाद्वीपको महागणी भई, लंकाको निमित्त बुद्ध भगवान् जस्तो भई, लंकाको निमित्त धेरै धेरै हितसुखको कार्य गर्नुभयो ।"

## अर्थकथा सहित त्रिपिटक पढाउनु भयो

चुलवंस परिच्छेद-३७, गा. नं. २२९-३० मा चाहिं महा-महेन्द्र महास्थविरले लंकावासी भिक्षुहरूलाई तृतीय संगायना सम्म चलि आएको आचार्य परम्पराको अनुसार अर्थकथाका कुराहरू पनि लौकिक भाषामा सिकाउनु भएको थियो भनी उल्लेख भएको छ ।

## जम्बुद्वीपको आचार्य परम्परा

तृतीयसंगीति सम्म जम्बुद्वीपमा आएको आचार्य परम्पराको कुरा परि. वा. पा. पृ. ९७ र सम. पा. I. पृ. २८ र ५३ मा यसरी दिएका छन्—

"(१) उपालि महास्थविरले भगवान्संग विनय सिक्नु भयो;
(२) दासक महास्थविरले उपालि महास्थविरसँग विनय सिक्नुभयो;
(३) सोणक महास्थविरले दासक महास्थविरसंग विनय सिक्नुभयो;
(४) सिग्गव महास्थविरले सोणक महास्थविरसँग विनय सिक्नुभयो;

Downloaded from http://www.dhamma.digital

(५) मोग्गलिपुत्ततिस्स महास्थविरले सिग्गव महास्थविरसँग विनय सिक्नुभयो र (६) महेन्द्र महास्थविरले मोग्गलिपुत्ततिस्स महास्थविर सँग विनय सिक्नुभयो । जम्बुद्वीपका आचार्य परम्परा यी नै पाँच जना हुन् ।

जम्बुद्वीपको परम्पराका पाँच (५) जना महास्थविरहरूका उपसम्पन्न वर्षहरू दीप. वं–५, गा. नं. ३५ मा यसरी उल्लेख भएको छ—

"चतुसत्तति उपालि च, चतुसट्ठि च दासको ।
छसट्ठि सोणको थेरो, सिग्गव तु छसत्तति
असीति मोग्गलिपुत्तो, सब्बेसं उपसम्पदा ।।"

अर्थ—

"(१) उपालि महास्थविरको उपसम्पन्न वर्ष चौहत्तर (७४), (२) दासक महास्थविरको चौसट्ठी (६४), (३) सोणक महास्थविरको छयसट्ठी (६६), (४) सिग्गव महास्थविरको छयहत्तर (७६) र (५) मोग्गलिपुत्ततिस्स महास्थविरको असी (८०) थियो ।"

**आनन्द महास्थविरका शिष्यहरू—**

"सब्बकामी च साल्हो च, रेवतो खुज्जसोभितो ।
यसो च साणसम्भूतो, एते सद्धिविहारिका ।
थेरा आनन्दस्स, दिट्ठपुब्बा तथागतं ।।"

अर्थ—

"(१) सब्बकामी, (२) साल्ह, (३) रेवत, (४) खुज्ज–

Downloaded from http://www.dhamma.digital

सोभित, (५) यश काकण्डपुत्र र (६) साणसम्भूत— यी छः जना क्षीणास्रवी महास्थविरहरू आनन्द महास्थविरकहाँ बस्ने शिष्यहरू हुन् जसले बुद्धलाई देखेका थिए ।"

अनुरूद्ध महास्थविरका शिष्यहरू—

"सुमन वासभगामी च, ञेय्या सद्धिविहारिका ।
द्वे इमे अनुरुद्धस्स, दिट्ठपुब्बा तथागतं ।।" (महा. वं. टी-४ गा. नं. ५७–५९; सम. पा. I. पृ. ३०–३१: बाहिरनिदानकथा)

अर्थ—

"(१) सुमन र (२) वासभगामी— यी दुइ महास्थविरहरू अनुरुद्ध महास्थविरकहाँ बस्ने शिष्यहरू हुन् जसले बुद्धलाई देखेका थिए ।"

यी सबै स्थविरहरू द्वितीय संगायनाको समयमा उपस्थित हुनुहुन्थ्यो ।

त्यसपछि (६) महेन्द्र महास्थविरले मोग्गलिपुत्ततिस्स महास्थविरसँग धर्म र विनय अध्ययन गरी महेन्द्र महास्थविर इट्टिय, उत्तिय, सम्बल र भद्दनाम भन्ने पण्डिहरूका साथ लंकामा जानु भई त्यहाँ विनयको परम्परा स्थापना गर्नुभयो । त्यसैले सम. पा I. पृ. ५४: बाहिरनिदानकथाले यस्तो उल्लेख गरेको हो—

"ततो महिन्दो इट्टियो, उत्तियो सम्बलो पि च ।
......भद्दनामो च पण्डितो ।
एते नागा महापञ्ञा, जम्बुद्दीपा इधागता ।

Downloaded from http://www.dhamma.digital

विनयं ते वाचयिसुं, पिटकं तम्बपण्णिया ।
निकाये पञ्च वाचेसुं, सत्त चेव पकरणे... ॥"

अर्थ—

"त्यसपछि महेन्द्र, इट्टिय, उत्तिय, सम्बल र भद्दनाम पण्डितहरू जम्बुद्वीपबाट यहां लंकामा आई ताम्रपर्णीद्वीपका भिक्षुहरूलाई विनय, पाँचनिकाय, सात प्रकरण सहित त्रिपिटक सबै पढाउनु भयो ।"

लंकाका आचार्य परम्पराका कुरा ज्ञानपूर्णिक स्थविरद्वारा अनुदित 'उभयपातिमोक्ख' को पृ. १५ मा उल्लेख भएका छन् ।)

त्यस समय लंकाद्वीप सुसमृद्ध थियो । चालीस (४०) वर्षसम्म राज्य गरिसकेपछि देवानंपियतिस्स राजाको देहान्त भयो । राजाको सन्तान न भएकोले उनका भाइ उत्तियले राज्य प्राप्त गरे । उत्तिय राज्यकालको आठौं वर्षमा चेतीय पर्वतमा साठीऔं (६०) वर्षावास गरिरहनुभएको बेलामा आश्वीन शुक्लपक्षको अष्टमीको दिन महेन्द्र महास्थविर परिनिर्वाण हुनुभयो । (महा. व. टी–२०, गा. नं. २८–३३) त्यसैले भनिएको—

"तस्स उत्तियराजस्स, जय वस्सम्हि अट्ठमे ।
चेतियपब्बते वस्सं, सट्ठिवस्सो वसं वसी ॥
अस्सयुजस्स मासस्स, सुक्कपक्खट्ठमे दिने ।
परिनिब्बायि सो थेरो, महिन्दो दीपवड्ढनो ॥"

त्यस पछि महेन्द्र महास्थविरसँग आउनु भएका स्थविरहरू पनि परिनिर्वाण हुनुभयो । (महा. वं. टी–२०, गा. नं. ५५)

Downloaded from http://www.dhamma.digital

# संघमित्ता

संघमित्ता (=संघमित्रा)-- यिनी चाहि अशोक राजाकी छोरी हुन् ।

बिन्दुसार राजाले अशोक राजकुमारलाई उपराजपदमा राखी अवन्तीको उज्जैन नगरमा पठाएका थिए[1] । त्यस बखत उनी उज्जैन नगरमा पुग्नु भन्दा अघि वेदिसगिरि नगरमा पुग्दा वेदिस सेठको घरमा बास बस्दा उनले वेदिस सेठकी छोरीलाई राखेका थिए । यिनको तरफबाट महेन्द्र जन्मेको थियो र दुई वर्ष पछि संघमित्ता (=संघमित्रा) जन्मेकी थिइन् । (महा. वं. टी-१३, गा. नं. १०-११; सम. पा. I. पृ ६१: बाहिरनिदानकथा)

वेदिस सेठकी छोरीको नाम 'देवी' थियो । 'वेदिसमहादेवी' पनि भन्दछन् । यी कुमारी विडूडभको आक्रमणबाट भागेर गएकी एक शाक्य कुलकी कन्या थिइन् भनी D. P. P. I. पृ. २१७ मा डा.-मललसेकरले उल्लेख गरेका छन् । उनको सुमन भन्ने छोरा पनि

---

१. दिव्यावदानको पांशुप्रदानावदान-२६ पृ. २३४ मा चाहि तक्ष-शिलामा पठाएको कुरा उल्लेख भएको छ ।

Downloaded from http://www.dhamma.digital

छन् जो ७ वर्षको उमेरमा श्रामणेर भएका थिए भनी डा. मललसेकरले आफ्नो D. P. P. II. पृ. १२४१ मा उल्लेख गरेका छन् ।

यदि उक्त कुरा ठीक हो भने संघमित्राको विवाह ११ वर्षको उमेरमा भएको हुनु पर्छ । किनभने संघमित्रा प्रव्रजित हुँदा उनको उमेर १८ वर्षको थियो भनी सम. पा. I. पृ. ४५ र महा वं. टी–५ गा. नं. २०४ मा उल्लेख भएका छन् । उनका पति अशोक राजाका भाञ्जा अग्गिब्रह्मा थिए । यिनीहरूका सुमन भन्ने एक पुत्र थियो । (सम. पा. I. पृ. ४८: बाहिरनिदानकथा; महा. वं. टी–५, गा. नं. १६९–७०)

संघमित्राको प्रव्रज्या महेन्द्र सँगसँगै भएको थियो । दुबै जना अरहन्त पनि भएका थिए । (सम. पा. I. पृ. ४४–४५: बाहिरनिदान-कथा; महा. वं. टी–५, गा. नं. २०३–०४) यस बारे अरु कुरा 'सम्राट् अशोक' भन्ने पुस्तिकाको पृ. १२–१३ मा हेर्नू होला ।

संघमित्राको उपाध्याय धम्मपालि थेरी थिइन् र आचार्य आयुपालि थेरी थिइन् । त्यस बखत संघमित्राको आयु १८ वर्षको थियो । त्यस बखत अशोकको अभिषेकको छैटौं वर्ष थियो । (सम. पा. I. पृ. ४५: बाहिरनिदानकथा; महा. वं. टी–५, गा. नं. २०४–०९) त्यसबखत संघमित्राका पति अग्गिब्रह्मा अशोक राजाका सद्दे भाइ तिस्स (=तिष्य) राजकुमारसँगै प्रव्रजित भइसकेका थिए । त्यस-बखत अशोकको अभिषेकको चौथो वर्ष थियो । (महा. वं. टी–५, गा. नं १६९–७१; सम. पा. I. पृ. ४८)

Downloaded from http://www.dhamma.digital

तृतीय संगायनापछि धर्मप्रचारको लागि महेन्द्र स्थविरलाई लंका पठाइएको थियो। वहाँ लंकामा गई त्यहाँका राजा देवानंपिय-तिस्स (=देवानंप्रियतिष्य) लाई बुद्ध धर्ममा दिक्षित गर्नुभयो। बुद्ध-धर्म प्रति प्रसन्न भई देवानंपियतिस्स राजाका दाजु अभय राजकुमार प्रव्रजित भए। यो देखेर उनको पत्नी अनुलादेवी[1] रानी पनि प्रव्रजित हुन चाहिन्। तर महेन्द्र स्थविरले "आइमाई जातिलाई हामी प्रव्रजित गर्न सक्दैनौं, हाम्री बहिनी संघमित्रालाई लिन पठाउनु पर्छ" भनी जब राजालाई भन्नुभयो तब राजाले महाअरिट्ठ भन्ने मंत्रीलाई पाट-लीपुत्र गई अशोक राजासँग संघमित्रालाई लंका पठाईदिनू भन्ने सन्देश पठाए। साथै बोधिवृक्षको शाखा पनि पठाउने अनुरोध गरे। अशोक राजाले आफ्नी छोरी संघमित्राको हातमा बोधिवृक्षको दक्षिण-शाखा पनि दिएर पठाए। (हेर्नू माथि पृ. २७-२९ मा)

सम. पा. I. पृ. ८१-८२: बाहिरनिदानकथा र महा. वं. टी-१८, गा. नं. ४०-५२ मा उल्लेख भए अनुसार बोधिवृक्षको शाखा यसरी पठाए—

सन्देश सुनेर अशोक राजा खुशी भई पाटलीपुत्रबाट बुद्धगया गई "यदि लंकामा बोधिवृक्षको शाखा स्थापना गर्नुपर्ने हो भने; यदि म बुद्धधर्ममा निश्चल छु भने, महाबोधिको दाहिने शाखा स्वयं

---

१. महा. वं. टी-१४, गा. नं. ५६ ले चाहिं राजाको भाइ महानागकी भार्या भनी उल्लेख गरेको छ।

Downloaded from http://www.dhamma.digital

यो सुवर्णको खरखण्डामा खसोस्" भनी सत्यक्रिया गरे। सत्यक्रियाको साथ साथै बोधिवृक्षको शाखा सुगन्धित माटो राखेको ठूलो सुनको खरखण्डामा खस्यो। यो शाखा १० हात लामो र अरू चार चार हातका पांच महाशाखाहरू पनि थिए। स्याना स्याना शाखा त धेरै थिए। यो प्रातिहार्य देखेर राजा सारै खुशी भए। यति मात्र होइन सो शाखाबाट सैयौं जराहरू उम्री खरखण्डामा बस्यो। बुद्धगयामा बसी राजाले सातदिन सम्म बोधिशाखाको पूजा पनि गरे। (सम. पा. I. पृ. ८३: बाहिरनिदानकथा; महा. वं टी–१८, गा. नं. ५५)

त्यसपछि मंसीर महिनाको प्रतिपदाको दिनमा बोधिवृक्षको शाखा डुंगामा राखी संघमित्रालाई बिदाइ गरे। बिदाइ गर्दा अशोक राजा घाँटीसम्म पानी आउञ्जेल नदी भित्र पसी बसेका थिए। बोधिवृक्ष शाखाको हेरचाह गर्नको निमित्त १८ जना राजकुलका, ८ जना अमात्यहरू, ब्राह्मण कुलका ८ जना, ८ गृहस्थी परिवारहरू, ८ जना गोठालाहरू, ८ जना सेवकहरू, कलिंग कुलका ८ जना, पानी छर्नको लागि ८ वटा सुवर्ण घडाहरू र ८ वटा रत्नमय घडाहरू पनि पठाए। (सम. पा. I. पृ. ८४: बाहिरनिदानकथा; महा. वं. टी–१९, गा नं. १–१०)

महा. वं. टी-१९, गा. नं. ५ अनुसार संघमित्रा स्थविराका साथ ११ जना अरू भिक्षुणीहरू पनि गएका थिए। ती ११ जना भिक्षुणीहरूका नाम दीप. वं–१८, गा. नं. १२–१३ मा यसरी उल्लेख भएको छ—

"(१) उत्तरा, (२) विचक्खणा, (३) हेमा, (४) मसार–

Downloaded from http://www.dhamma.digital

-गल्ल, (५) अग्गिमित्ता, (६) दासिका, (७) फेग्गु, (८) पब्बता, (९) मत्ता, (१०) मल्ला र (११) धम्मदासि।"

अनि उता देवानंपियतिस्स राजाले टाढैबाट डुंगा आइरहेको देखेर राजा घाँटीसम्म पानी आउने ठाउँमा गई बोधिशाखा र संघमित्रा स्थविरा सहित डुंगामा आएका सबैको स्वागत गरी उनीहरूलाई जम्बुकोलपट्टन भन्ने ठाउँमा ओराले। समुद्रको किनारमा नै राजाले तीनदिन सम्म बोधिबृक्षको शाखालाई राज्यद्वारा पूजा गरे। चौथो दिनमा बडो धुमधामकासाथ पूजा सत्कार गरी बोधिशाखा अनुराध-पुरमा पुऱ्याए। त्यपछि जुन ठाउँमा अघिअघिका ककुसन्धको महा-सिरिस बोधि, कोणागमनको उदुम्बर बोधि र कश्यप बुद्धको न्यग्रोध बोधि राखेका थिए सोही स्थानमा शाक्यमुनि गौतम बुद्धको बोधि (=पीपल) को शाखा पनि प्रतिस्थापना गरे। (सम. पा. I. पृ. ८५-८६; महा. वं. टी-१९, गा. न. २८-३२, ४२)

अशोकको राज्याभिषेकको १८ औं वर्षमा बोधिबृक्षको स्थापना भएको थियो। (महा. वं. टी-१२, गा. नं. १)

त्यसबखत त्यहाँ महेन्द्र स्थविर सहित संघमित्रा स्थविरा पनि हुनुहुन्थ्यो। राजा पनि राजपरिवार सहित त्यहाँ थिए। साराका सारा लंका द्वीपका मानिसहरू पनि त्यहाँ उपस्थित भएका थिए। त्यहाँ प्रतिस्थापना गरिएको बोधिबृक्षको शाखा हेर्दा हेर्दै उत्तरको शाखाबाट एउटा पाकेको फल खस्यो। महेन्द्र स्थविरले त्यसलाई आफ्नो हातमा थापेर लिनुभयो र राजालाई त्यो फल रोप्नको लागि दिनुभयो। राजाले

Downloaded from http://www.dhamma.digital

सुगन्धित माटो राखेको सुवर्णको एक खरखण्डामा रोपी महाबोधिको नजिक राखे। सबैले हेर्दा हेर्दै त्यसबाट चार चार हात प्रमाणका आठवटा बिरुवाहरू उम्रेर आए। यस्तो आश्चर्य देखेर राजाले सेतो छत्रओढाई पूजा गरी अभिषेक गरे।

त्यसपछि ती बिरुवाहरू मध्येबाट (१) बोधिशाखाको एक बिरुवा पूर्वको पहिलो स्थान जम्बुकोलपट्टनमा रोपे, (२) अर्को बिरुवा तिवक्क ब्राह्मण गाउँमा रोपे, (३) अर्को बिरुवा थूपाराममा रोपे, (४) अर्को बिरुवा इस्सर श्रवणाराममा रोपे, (५) अर्को बिरुवा प्रथमचैत्य स्थानमा रोपे, (६) अर्को बिरुवा चेतिय पर्वत विहारमा रोपे, (७) अर्को बिरुवा रोहण जनपदको काजर गाउँमा रोपे र (८) अर्को चाहिं रोहण जनपदकै चन्दन भन्ने गाउँमा रोपे। अरू चार शाखाबाट खसेका फलहरूबाट उम्रेका ३२ वटा बोधिका बिरुवाहरू योजन योजनको फरकमा बनाइएका बिहारहरूमा रोप्न लगाए। (सम. पा. I. पृ. ८६–८७: बाहिरनिदानकथा; महा. वं. टी–१९, गा. नं. ५३–६४)

लंकाद्वीपवासीहरूको हितसुखको निमित्त स्थापना भएको महाबोधिबृक्षको छत्रछायामा सकृदागामी भएकी अनुलादेवी ५०० कन्याहरू र ५०० राजदरबारका स्त्रीहरूका साथ संघमित्रा स्थविराकहाँ प्रव्रजित भई केही दिनमै परिवार सहित अरहत्नी भइन्। (सम. पा. I. पृ. ८७: बाहिरनिदानकथा; महा. वं. टी–१९, गा. नं. ६५) त्यसपछि राजाका भाञ्जा अरिट्ठ अमात्य पनि ५०० पुरुषहरूका साथ

Downloaded from http://www.dhamma.digital

महेन्द्र स्थविरकहाँ प्रव्रजित भई केही दिनपछि सपरिवार अरहन्त भए । (सम. पा. I. पृ. ८७; महा. वं. टी–१९, गा. नं. ६६)

महेन्द्र स्थविर लंका पुगेकै भोलिपल्ट राजदरबारमा नै अनुलादेवीले स्रोतापत्ति फल प्राप्त गरेकी थिइन् । (सम. पा. I. पृ. ६९; महा. वं. टी–१४, गा. नं. ५७–५८) तेस्रो दिनमा राजाले महामेघवन प्रदान गरिसकेपछि अनुलादेवीले सकृदागामी फल प्राप्त गरेकी थिइन् । (महा. वं. टी–१५, गा. नं. १८)

यसरी संघमित्रा स्थविराद्वारा लंकामा भिक्षुणी शासन स्थापना गर्नुभयो ।

संघमित्रा स्थविरा लंकामा पुग्दा सुरू सुरूमा उपासिकाहरू बस्ने विहारमा बस्नु भएको थियो । तर त्यहाँ सारै हुलमुल भएको हुँदा पछि हत्थालहक नजिक भिक्षुणी उपश्रय बनाउन लगाई त्यहाँ बस्नुभयो । हत्थाल्हक नजिकको उपश्रय भएको हुँदा सो उपश्रयको नाम नै "हत्थाल्हक भिक्षुणी उपश्रय" भन्ने रहन गयो । (महा. वं. टी–१९, गा. नं. ८२–८३, टी–१९ पृ. ३७१)

त्यसैले महावंसमा यस्तो उल्लेख भएको हो—

"समन्ता थूपगेहस्स, रम्मं भिक्खुनु पस्सयं ।
देवानम्पियतिस्सो सो, महाराजा अकारयि ।।
हत्थाल्हकसमीपम्हि, कतो भिक्खुनुपस्सयो ।
हत्थाल्हकविहारो ति, विस्सुतो आसी तेन सो ।।

Downloaded from http://www.dhamma.digital

सुमित्ता सङ्घमित्ता सा, महाथेरी महामति ।
तस्मि हि वासं कप्पेसि, रम्मे भिक्खुनुपस्सये ।।"

(महा. वं. टी-१९, गा. नं. ८२-८४)

अर्थ—

"देवानंपियतिस्स राजाले स्तूपगृहको वरिपरि रमणीय भिक्षुणी-उपश्रय बनाइ दिए । हत्थाल्हक अर्थात् हात्तीसार नजिकै बनाइएको भिक्षुणी-उपश्रयलाई हात्थिसार विहार भन्ने नामले प्रचार भयो । सबैको लागि मित्र समान हुनुभएका महामति संघमित्ता महाथेरी सोहि रमणीय भिक्षुणी-उपश्रयमा नै बस्नुभयो ।"

यसरी भिक्षुणी शासनको काम गरी उत्तिय राजाको राज्य कालको नवौं (९) वर्षको समयमा संघमित्रा महास्थविरा ५९ औं वर्षावास बसिरहनुभएको बेलामा हत्थाल्हक उपश्रयमा परिनिर्वाण हुनुभयो । (महा. वं. टी-२०, गा. नं. ५०-५१)

★

Downloaded from http://www.dhamma.digital

| | | | |
|---|---|---|---|
| २६. | बुद्धकालीन श्रावक-चरित | भाग–२ | ...रू. १७/– |
| २७. | बुद्धकालीन श्रावक-चरित | भाग–३ | ...रू. २०/– |
| २८. | बुद्धकालीन श्रावक-चरित | भाग–४ | ...रू. १४/– |
| २९. | बुद्धकालीन श्रावक-चरित | भाग–५ | ...रू. १४/– |
| ३०. | बुद्धकालीन श्रावक-चरित | भाग–६ | ...रू. १०/– |
| ३१. | बुद्धकालीन श्राविकाचरित | भाग–१ | ...रू. २२/– |
| ३२. | बुद्धकालीन ब्रह्मादिदेव | भाग–१ | ...रू १८/– |
| ३३. | बुद्धकालीन ब्रह्मादिदेव | भाग–२ | ...रू. १८/– |
| ३४. | बुद्धकालीन ब्रह्मादिदेव | भाग–३ | ...रू. १४/– |
| ३५. | बुद्धकालीन प्रेतकथा | | ...रू. १०/– |
| ३६. | बुद्धकालीन विमानकथा | | ...रू. १२/– |
| ३७. | जातक संग्रह | भाग–१ | ...रू. १०/– |
| ३८. | जातक संग्रह | भाग–२ | ...रू. ८/– |
| ३९. | जातक संग्रह | भाग–३ | ...रू. १३/– |
| ४०. | जातक संग्रह | भाग–४ | ...रू. १२/– |
| ४१. | संक्षिप्त कथा सहित धम्मपद द्वितीयावृत्ति | | ...रू. १५/– |
| ४२. | यशोधरा | | ...रू. ११/– |
| ४३. | विषय सूची | भाग–१ | ...रू. ५/– |
| ४४. | विषय सूची | भाग–२ | ...रू. १०/– |
| ४५. | जापान भ्रमणको डायरी | | ...रू. ४/– |
| ४६. | त्रिरत्न वन्दना र पाठयसूत्र | | ...रू. ४/– |
| ४७. | महासीहनादसुत्त | | |
| ४८. | नेपालमा थेरवाद बुद्धधर्मको संक्षिप्त इतिहास | | |
| ४९. | सोलुखुम्बू यात्राको डायरी | | ...रू. ५/– |
| ५०. | वेस्सन्तर जातक द्वितीयावृत्ति | | ...रू. १२/– |
| ५१. | सम्राट् अशोक | | ...रू. २/५० |
| ५२. | महिन्द थेर तथा संघमित्ता थेरी | | ...रू. ५/– |

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

नेवारीमा :

५३. जयप्रभावक
५४. आर्यसत्य तृतीयावृत्ति
५५. कर्मविभाग तृतियावृत्ति
५६. त्रिरत्न वन्दना
५७. धर्म व विनय
५८. प्रजापति गौतमी
५९. पाठपसूत्र
६०. बौद्ध कहानी
६१. सर्वज्ञ धातु
६२. गृही–विनय चतुर्थावृत्ति ...रू. १/५०
६३. जातकमाला भाग–१ तृतीयावृत्ति ...रू. १/७५
६४. जातकमाला भाग–२ द्वितीयावृत्ति
६५. धम्मपद चतुर्थावृत्ति ...रू. ८/–
६६. धम्मपदट्ठकथा भाग–१ द्वितीयावृत्ति ...रू. १२/–
६७. बुद्धशासनया इतिहास भाग–१ ...रू. १/–
६८. संक्षिप्त बुद्धजीवनी चतुर्थावृत्ति ...रू. ४/–
६९. महास्वप्न जातक द्वितीयावृत्ति
७०. वेस्सन्तर जातक द्वितीयवृत्ति ...रू. ४/–
७१. सुत्रसंग्रह ...रू. १/५०
७२. न्ह्यसःया लिसः ...रू. ३/–
७३. महाकाश्यप चरित ...रू. २०/–
७४. ज्ञानमाला भजन १५गू गु आवृत्ति ...रू. ५/–
७५. अशोक जुजु .. रू. ३/–

अंग्रेजीमा :

७६. Buddhist Activities in Socialist Countries
७७. Kings of Buddha's Time
७८. A Short History of Theravada Buddhism in Modern Nepal... (Third Edi.)

Downloaded from http://www.dhamma.digital